अध्याय - एक
प्रारम्भिक

१. पृष्ठभूमि

राज्यका आर्थिक गतिविधिहरूलाई निर्बाध रुपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने श्रोतहरू मध्ये राजस्व प्रमुख हो । राजस्व चुहावटका कारण राज्यको श्रोतमा संकुचन आउने र श्रोत संकुचनले राज्यका आर्थिक, सामाजिक एवं विकासमूलक दायित्व निर्वाहमा समस्या उत्पन्न हुन्छ । राज्यको श्रोत अपचलनको प्रमुख कारकको रुपमा स्वीकार गरिने राजस्व चुहावटले आर्थिक गतिविधिमा ह्रास एवं लगानीमैत्री वातावरणमा समेत प्रतिकूल अवस्था सृजना हुन्छ । राज्यको श्रोत व्यवस्थापन, राजस्व परिचालन एवं राज्यको दायित्व निर्वाहमा राजस्व चुहावट नियन्त्रण र अनुसन्धानका माध्यमबाट श्रोत परिचालन क्षमता अभिवृद्धि गर्नु अत्यावश्यक रहन्छ ।

मुलुकको खुला सिमाना, अशिक्षा,चेतनाको कमी, सूचना प्रविधिको क्षेत्रमा भएको तिव्र विकास,व्यवसायिक र परिष्कृत नबनिसकेको व्यवसायिक समुदाय र मनोवृत्तिगत पक्षका कारण राजस्व चुहावटले राजस्वको संभावनालाई न्यूनीकृत गरेको छ । राजस्व चुहावटको प्रभावकारी नियन्त्रणले मात्र राज्यको अल्पकालिन र दीर्घकालिन दायित्व निर्वाहका लागि आवश्यक श्रोतको पूर्ति गर्न सक्ने अवस्था रहन्छ । राजस्व चुहावट आर्थिक अपराध भएको कारण यसले सामाजिक, सांस्कृतिक र राजनीतिक प्रभाव पनि पार्ने हुंदा नियन्त्रणका लागि संरचनागत र कानूनी पक्षलाई सवल तुल्याउनु आवश्यक पर्दछ ।

२. परिचय

राजस्व चुहावट रोकथाम र नियन्त्रणका लागि साविकमा अर्थ मन्त्रालय मातहत रहेको राजस्व अनुसन्धान महाशाखालाई थप प्रभावकारी र क्रियाशील बनाउने उद्देश्यका साथ वि. सं. २०५० मा छुट्टै विभागको रुपमा राजस्व अनुसन्धान विभागको स्थापना भएको हो । राजस्व चुहावटको क्षेत्र वृहत बन्दै गएको, चुहावटको प्रकृति नयां ढंगबाट विस्तारित र रुपान्तरित बनेको सन्दर्भमा राजस्व चुहावटको कार्यमा व्यवसायिकता र प्रभावकारिता ल्याउने उद्देश्यबाट राजस्व अनुसन्धान विभाग स्थापना गरी तदनुरुप जिम्मेवारी प्रदान गरिएको छ । कर र गैरकर राजस्वको चुहावटको संभावनालाई नियन्त्रण गर्न, राजस्व अनुसन्धानको क्षेत्रमा विशिष्टीकरण कायम गरी राजस्व संकलनको कार्यमा प्रभावकारिता ल्याउन विभाग क्रियाशिल रहेको छ ।

राजस्व चुहावट नियन्त्रणको समष्टीगत कार्यमा सहजीकरण र प्रभावकारिता ल्याउन, विभागको कार्य क्षेत्रमा स्पष्टता कायम गरी कार्यगत विशिष्टता हासिल गर्न र राजस्व चुहावट नियन्त्रण गर्न राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ को तर्जुमा भई कार्यान्वयन गरिएको छ । प्रस्तुत ऐनले विभागको कार्यक्षेत्रलाई स्पष्टता दिएको ।

२. विभागको सोच

विभागको दिर्घकालिन सोच देहाय बमोजिम रहेको छः
"आर्थिक अपराध मुक्त क्षेत्र र राजस्व अभिवृद्धिको वातावरण
उच्च, फराकिलो एवं दिगो अर्थतन्त्रको विकासमा योगदान ।"

३. उद्देश्य

प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गरी पारदर्शी एवं स्वच्छ अर्थतन्त्रको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवं व्यावसायिक राजस्व प्रशासनको संस्थागत विकास मार्फत राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणका लागि निम्नानुसारका उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ ।

- द्रुत्ततर आर्थिक विकासका लागि अधिकतम राजस्व परिचालन गर्ने आधार तयार गर्ने,
- राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने,
- स्वच्छ र पारदर्शी अर्थतन्त्र निर्माणको लागि वातावरण निर्माण गर्ने,
- राजस्व चुहावट र आर्थिक अपराध सम्वद्ध अनुसन्धान कार्यलाई गति प्रदान गरी राजस्व नीति तथा कानूनकोComplience को स्तर अभिवृद्धि गर्ने,
- विदेशी विनिमयको अवैध ओसार/पसार तथा अपचलनको अनुसन्धान तथा नियन्त्रण गर्ने,
- स्वच्छ, स्वःस्फूर्त र अवरोधरहित व्यावसायिक क्रियाकलापको प्रवर्द्धन मार्फत लगानीमैत्री वातावरणको निर्माण गर्ने ।

४. रणनीति

निर्दिष्ट सोचतर्फ उन्मुख भई उपरोक्त उद्देश्य परिपूर्तिका लागि विभागले आफ्नो कार्य सम्पादन गर्दा देहायका रणनीतिहरू अवलम्वन गर्ने गर्दछ ।

- **प्रवर्द्धनात्मक उपाय (Promotional Measures):** प्रचारप्रसार, गोष्ठी, सेमिनार, अन्तरक्रिया, जागरण अभियान, संस्थागत सुदृढीकरण, कार्य प्रणाली र कार्यविधि सुधार आदि ।
- **निरोधात्मक उपाय (Preventive Measures):** नियम कानूनको पालना, गस्ती परिचालन, आचारसंहिता पालना गर्ने, गराउने आदि ।
- **उपचारात्मक उपाय (Curative Measures):** छापा मार्ने, कब्जा गर्ने, जफत गर्ने, दण्डित गर्ने, क्षतिपूर्ति लिने, लिलाम विक्री गर्ने आदि ।

५. कार्यक्षेत्र

राजस्व अनुसन्धान विभागले मूलतः राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ को परिधिभित्र रही आफ्ना क्रियाकलापहरू संचालन गरेको छ । यद्यपी, कार्य सम्पादनका सिलसिलामा मूल्य अभिवृद्धि कर ऐन २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३, अन्तःशुल्क ऐन २०५८, अन्तःशुल्क नियमावली, २०५८, भन्सार ऐन २०६४ (घ) भन्सार नियमावली, २०६४ का अतिरिक्त विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ बमोजिम देहायका कार्यक्षेत्र भित्र रही विभागले कार्य सम्पादन गरेको छ ।

- कर तथा गैरकर राजस्व चुहावट उपर अनुसन्धान गर्ने,
- विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान,
- भन्सार जांचपास भई आएका सामानहरू चेकजांच गरी भन्सार महसुल तिरे/नतिरेको वा कम तिरेको यकिन गरी आवश्यक कारवाही गर्ने,
- आन्तरिक वा वाह्य ओसार/पसारलाई व्यवस्थित गर्न स्थलगत अनुगमन गर्ने,

- मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने वा मूल्य अभिवृद्धि कर लाग्ने बस्तुहरूको कारोवार गर्नेले मू. अ. कर तिरे/नतिरेको अनुसन्धान गरी कारवाही गर्ने,
- व्यापार विचलन भई अनधिकृत रुपमा पैठारी वा निकासी हुने मालबस्तुउपर नियन्त्रण,
- राजस्व चुहावट भएको वा हुन लागेको सूचनाको आधारमा प्रारम्भिक अनुसन्धान गरी थप अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाउने वा विस्तृत अनुसन्धान गरी अदालतमा मुद्दा दायर गर्ने,
- राजस्व चुहावट नियन्त्रण, अनुसन्धान तथा कारवाही गर्ने,
- राजस्व प्रशासनको आधुनिकीकरण तथा सुदृढीकरणको लागि नीतिगत पृष्ठपोषण गर्ने ।

६. कानूनी अधिकार क्षेत्र

राजस्व अनुसन्धान विभागलाई आफ्नो कार्य सम्पादनका लागि राजस्व प्रशासन सम्वद्ध देहायका कानूनहरूको प्रयोग गर्ने अधिकार प्रदान गरिएको छ ।

मञ्जुषा – १

विभागले प्रयोग गर्ने ऐनहरू

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३
- भन्सार ऐन, २०६४ तथा नियमावली, २०६४
- अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५८

(क) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२

राजस्व अनुसन्धान विभागको कार्य र कार्य क्षेत्रलाई स्पष्टता दिई विभागको अनुसन्धनात्मक, नियन्त्रणात्मक र प्रवर्द्धनात्मक कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने आधार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ ले प्रदान गरेको छ । सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्दै देशको आर्थिक विकासलाई द्रुततर रुपमा अगाडी बढाउन राजस्व चुहावटलाई प्रभावकारी नियन्त्रण गरी अधिक भन्दा अधिक राजस्व परिचालन गर्न प्रस्तुत ऐनले विभागलाई अधिकार प्रदान गरेको छ । मूलतः कर तथा गैरकर राजस्व क्षेत्रमा हुने चुहावटको संभावनालाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गर्न ऐनले विभागलाई अधिकार सम्पन्न तुल्याएको छ । यो ऐनमार्फत राजस्व चुहावटको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा राजस्व चुहावट उपर मुद्दा दायर गर्ने अधिकार समेत विभागले पाएको छ ।

मञ्जुषा -२

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ : प्रमुख प्रावधानहरू

- ६ वटा परिच्छेदहरू र ४२ वटा दफाहरू रहेको यस ऐनको प्रस्तावनामा "राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण र रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्न वान्छनीय भएको" भन्ने उल्लेख ।
- परिच्छेद १ मा प्रारम्भिक (नाम र परिभाषाहरू) रहेको ।
- परिच्छेद २ मा राजस्व चुहावट नियन्त्रण सम्बन्धी व्यवस्था रहेको ।
- परिच्छेद ३ मा विभागीय कारवाही सम्बन्धी व्यवस्था रहेको छ भने परिच्छेद ४ खारेज गरिएको छ ।
- परिच्छेद ५ मा मुद्दा सम्बन्धी कारवाही र कसुर सम्बन्धी व्यवस्था रहेको ।
- परिच्छेद ६ मा विविध व्यवस्था रहेको ।
- परिच्छेद २ मा राजस्व चुहावट नियन्त्रण सम्बन्धी व्यवस्था : यस परिच्छेदमा राजस्व चुहावट गर्न नहुने, के कस्तो कार्य गरेमा राजस्व चुहावट भएको मानिने, कर्मचारीले के गर्दा भ्रष्टाचार भएको मानिने आदि व्यवस्थाहरू उल्लेख गरिएको छ । साथै, विभागको अधिकार क्षेत्र र राजस्व चुहावटको सूचना दिने सम्बन्धी व्यवस्था भएको छ ।
- परिच्छेद ३ मा अनुसन्धान तथा तहकिकात व्यवस्था रहेको ।
- विभागले सूचना वा जानकारी पाए पछि अनुसन्धानको कार्य प्रारम्भ गरी ३० दिनभित्र अनुसन्धान कार्य सम्पन्न गर्नुपर्ने र थप ३० दिन म्याद थप गर्न सकिने व्यवस्था छ । साथै अनुसन्धान तथा तहकिकात सम्बन्धी विभागको अधिकारको विस्तृत उल्लेख गरिएको छ । यस अन्तर्गत कागजात र लिखत माग्ने, कसूरको आरोप लागेको व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने, वयान लिने आदि व्यवस्था उल्लेख छ । वयान लिइसकेपछि त्यस्तो व्यक्तिलाई आवश्यकता अनुसार थुनामा राख्ने वा खोजेको वखत हाजिर हुन आउने गरी छाड्न सकिने व्यवस्था यसमा उल्लेख छ । यस परिच्छेदमा अनुसन्धान अधिकृत तोक्न सक्ने र अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकारको बारेमा समेत विस्तृत व्यवस्था रहेको छ ।
- परिच्छेद ५ मा मुद्दा सम्बन्धी कारवाही र कसूर सम्बन्धी देहायको व्यवस्था रहेको ।

- मुद्दा दायर गर्ने
- नेपाल सरकार वादी हुने
- हदम्याद
- पुनरावेदन : पुनरावेदन अदालतमा ३५ दिन भित्र गर्नुपर्ने ।
- दण्ड सजाय
- वाधा विरोध गर्नेलाई सजाय

परिच्छेद ६ : विविध व्यवस्था रहेको ।

(ख) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९

विदेशी विनिमयको प्रयोगलाई व्यवस्थित र नियमित गरी आर्थिक अपराधमुक्त राज्य निर्माणका सिलसिलामा उक्त ऐनले प्रत्याभूत गरेको व्यवस्था कार्यान्वयन गर्ने जिम्मेवारी यस विभागलाई रहेको छ । विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ बमोजिम विदेशी मुद्राको अपचलन, गैरकानूनी ओसारपसारको अनुसन्धान तथा तहकिकात सहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने अधिकार प्राप्त यस विभागले आफै वा नेपाल प्रहरी, भन्सार कार्यालय तथा अन्य निकायबाट दाखिला भएको विदेशी विनिमय अपचलन सम्बन्धी मुद्दाहरू उपर विस्तृत अनुसन्धान गर्ने गरेको छ ।

(ग) मूल्य अभिवृद्धि कर ऐन, २०५२

मूल्य अभिवृद्धि करमा दर्ता भई कारोवार गर्नुपर्ने वा दर्ता भई कारोवार गरेकोले मूल्य अभिवृद्धि कर छली गर्ने वा कम तिर्ने वा तिर्दै नतिर्ने उद्देश्यबाट गरेका क्रियाकलापहरू नियन्त्रण गर्ने सिलसिलामा त्यस्ता कारोवारको अनुसन्धान तथा तहकिकात गर्न नेपाल सरकारले मू. अ. कर ऐन २०५२ को दफा ३ बमोजिम विभागका पदाधिकारीलाई कर अधिकृतको रुपमा मात्र काम काज गर्न अधिकार प्रत्यायोजन गरेको छ । ऐनको व्यवस्था बमोजिम प्राप्त अधिकार अनुसार प्रत्यायोजित अधिकार प्रयोग गर्न पाउने अधिकारीले मू. अ. कर निर्धारण गरी आदेश जारी गर्ने हुंदा कर निर्धारणमा सहजता आएको छ । यद्यपी मू. अ. कर ऐन बमोजिम कर निर्धारण गरिएकोमा निर्धारित करको अभिलेख (Management Assessment) सम्बन्धित करदाताको खातामा प्रविष्टी गर्न नसक्दा कार्यगत एवं प्राविधिक जटिलता थपिएको छ । साथै करदाताको दायित्व अद्यावधिक नहुने जोखिम रहिरहने अवस्था छ ।

(घ) भन्सार ऐन, २०६४

भन्सार चोरी पैठारी नियन्त्रण गरी स्वच्छ र मर्यादित आर्थिक गतिविधिका लागि भन्सार ऐन २०६४ को प्रावधानलाई कार्यान्वयन गर्ने अधिकार यस विभागलाई रहेको छ । भन्सार विन्दुबाट विधिपूर्वक प्रवेश गरे वाहेकका अन्य तवरबाट देशमा प्रवेश गरेका मालबस्तु नियन्त्रण गर्न, जफत गर्न र तत् सम्बन्धी मुद्दा फैसला गर्न भन्सार ऐन २०६४ को दफा ८४ ले दिएको अधिकार प्रयोग गरी यस विभाग र अन्तर्गतका तोकिएको अधिकृतस्तरको कर्मचारीलाई भन्सार अधिकृतको रुपमा कामकाज गर्न पाउने गरी नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भएको छ । विभाग र अन्तर्गतका निकायहरूले आफ्नो कार्यसम्पादनका सिलसिलामा प्रस्तुत ऐन प्रयोग गरी भन्सार चोरी पैठारीको अनुसन्धान तथा कारवाहीमा वृद्धि भई भन्सार चोरी पैठारी नियन्त्रण तथा भन्सार चोरी पैठारी उपरको कारवाहीबाट राजस्व संकलनमा समेत अनुकूल प्रभाव परेको छ । साथै फछर्यौट गर्न बाँकी भन्सार ऐन २०१९ बमोजिम दर्ता भएका मुद्दा फछर्यौटको लागि पनि अधिकार प्रत्यायोजन गरिएको छ ।

मञ्जुषा –३

भन्सार मूल्यांकनका पद्धतिहरू

भन्सारमा मालवस्तुको मूल्याङ्कनको लागि विश्व व्यापार संगठन संझौता अनुसार कारोवार मूल्यलाई मुख्य आधार मानिएको छ । मूलतः भन्सार मूल्य यकिन गर्नको लागि निम्न अनुसार ६ वटा तरिकाहरू अपनाउने व्यवस्था छ :

Method 1 : Transaction Value Method

Method 2 : Transaction Value of Identical Goods Method

Method 3 : Transaction Value of Similar Goods Method

Method 4 : Deductive Method

Method 5 : Computed Method

Method 6 : Fall Back Method

भन्सार ऐन, २०६४ को दफा १३(१) ले WTO/GATT Agreement 1994 को धारा ७ कार्यान्वयन गर्न उक्त संझौतामा उल्लेखित भन्सार मूल्याङ्कन सम्बन्धी नियम र व्याख्याहरू नै अवलम्वन गर्ने उल्लेख छ । जसमा कारोवार मूल्य निर्धारण हुन नसकेमा मूल्य यकिन गर्न अन्य ५ वटा विधि अपनाउन सकिने व्यवस्था छ । उक्त व्यवस्था भन्सार ऐनको दफा १३ मा उल्लेख छ । उपरोक्त सबै विधि प्रयोगबाट मूल्य यकिन हुन नसकेमा मात्र भन्सार अधिकृतले ऐनको दफा १३ को (१२) मा यी आधारहरूको विपरित नहुने गरी मानसिव आधारमा त्यस्तो मालवस्तुको भन्सार मूल्य निर्धारण गर्ने व्यवस्था छ ।

(ङ) अन्तःशुल्क ऐन, २०५८

अन्तःशुल्क लाग्ने बस्तुको उत्पादन र विक्री वितरण गर्दा प्रचलित अन्तःशुल्क ऐन बमोजिम तिर्नुपर्ने अन्तःशुल्क छलेको वा कर छल्ने नियतबाट कुनै कार्य गरेकोमा त्यस्तो गतिविधि उपर अनुसन्धान गर्न अन्तःशुल्क ऐन २०५८ को दफा ५ बमोजिम नेपाल सरकारबाट यस विभागका अधिकृत तथा क्षेत्रीय कार्यालयका प्रमुखलाई सोही ऐनको दफा ६ बमोजिम अधिकार क्षेत्र तोकी अन्तःशुल्क सम्बन्धी अनुसन्धान गर्ने अधिकार प्रदान गरिएको छ । नेपाल सरकारबाट प्रत्यायोजित यो अधिकार बमोजिम अन्तःशुल्क लाग्ने कारोवारमा भएको राजस्व चुहावट सम्बन्धी अनुसन्धानमा तिव्रता ल्याउन, अन्तःशुल्क छली गर्ने प्रवृत्तिमा नियन्त्रण गरी राजस्व असुलीमा सकारात्मक प्रभाव पारेको छ ।

अध्याय - दुई

संगठन संचरना, जनशक्ति र कार्य सम्पादन प्रणाली

२.१ विद्यमान संगठन संरचना

राजस्व चुहावट नियन्त्रणका लागि अनुसन्धानमूलक र नियन्त्रणमूलक कार्य गर्न दक्ष र तत् क्षेत्रमा जानकार रहेका जनशक्तिको व्यवस्था हुनुपर्ने सन्दर्भमा विभाग र अन्तर्गतका क्षेत्रीय कार्यालयहरूमा आवश्यक संगठन संचरना स्वीकृत भएको छ । विभागको कार्यबोझ, आर्थिक अपराधको स्वरुपमा आएको विविधता, सीमा विहिन आर्थिक गतिविधिको प्रसंग जस्ता कारणले गर्दा विभागको कार्यक्षेत्र एवं कार्यस्वरुपमा समेत विविधता र व्यापकता आएको छ । प्रस्तुत सन्दर्भमा २०६७ माघ १८ गते नेपाल सरकार (मन्त्रिपरिषद्) बाट राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्य गर्न एकिकृत स्वरुपको राजस्व तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन भई तदनुरुपको दरवन्दी समेत स्वीकृत भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६८।३।१ को निर्णयबाट सम्पत्ति शुद्धीकरण विभागको छुट्टै स्थापना भई त्यसले कार्य प्रारम्भ गरको हुँदा यस विभागको नाम हाल राजस्व अनुसन्धान विभाग रहन गएको छ ।

राजस्व चुहावट तथा अनसन्धान सम्बन्धी कार्य गर्ने प्रयोजनार्थ अनुसुची-१ बमोजिमको जनशक्ति रहने गरी दरवन्दी स्वीकृत गरिएको छ ।

विभाग र अन्तर्गतका पदाधिकारीहरूलाई नेपाल सरकारबाट भन्सार ऐन, २०६४ मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ अनुरुप क्रमशः भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको समेत अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन भएको छ । यस विभागलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार जुनसुकै निकाय र विषयका विज्ञ/विशेषज्ञ तथा कर्मचारी परिचालन गर्न सक्ने अधिकार पनि रहेको छ । शुरुमा कर राजस्वको चुहावट सम्बन्धमा अनुसन्धान र नियन्त्रण गर्ने जिम्मेवारी पाएको यस विभागलाई आ.व. २०६५/०६६ देखि गैरकर राजस्वको समेत अनुसन्धान तहकिकात र कारवाही गर्ने जिम्मेवारी दिइएको छ । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गत तोकिएका कार्यहरू सम्पन्न गर्ने जिम्मेवारी यस विभागलाई सुम्पिएको छ । यसरी समग्र राजस्व चुहावट र आर्थिक अपराधको अनुसन्धान, तहकिकात र नियन्त्रणका लागि यस विभागलाई जिम्मेवार बनाइएको पाइन्छ । तोकिएको कार्य जिम्मेवारी र दायित्व निर्वाह गर्न सक्ने गरी विभागको सांगठनिक पुनर्संरचना गर्ने प्रयोजनको लागि यस विभागका उप-महानिर्देशकको संयोजकत्वमा अध्ययन सर्वेक्षण कार्यगर्ने समिति गठन गरी कार्य प्रारम्भ गरिएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६७।१०।१८ को निर्णय अनुसार राजस्व तथा सम्पत्ति शुद्धीकरण विभागको संरचना स्वीकृत भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६८।३।१ को निर्णय अनुसार विभागको साविक संरचनामा हेरफेर गरि सम्पत्ति शुद्धीकरण विभाग र राजस्व अनुसन्धान विभाग गरी यस विभागलाई पुनः छुट्टै एकल विभागमा रुपान्तरण गरियो । स्वीकृत संगठन संरचना र अनुसार मातहतका ४ वटा क्षेत्रीय कार्यालयहरू (इटहरी, पथलैया, वुटवल र कोहलपुर) लाई क्षेत्रीय कार्यालयको रुपमा नामाकरण गरिएको छ । यी क्षेत्रीय कार्यालयहरू अन्तर्गत बिर्तामोड, बर्दिबास, वर्दघाट, चन्द्रौटा र अत्तरिया गरी ६ वटा चेकपोष्टहरू स्वीकृत भएका छन । केन्द्रीय स्तरको विभाग, क्षेत्रीय कार्यालयहरू तथा चेकपोष्टमार्फत विभागले आफ्नो दैनिक कार्यसम्पादन स्वरुप राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धानको कार्य गर्दै आएको छ ।

२.२ जनशक्ति

विभाग तथा क्षेत्रीय कार्यालयहरू सहित विभाग अन्तरगत हाल कूल १६७ जना कर्मचारीहरूको दरवन्दी रहेको छ भने विभाग र उपत्यका ईकाइ कार्यालयमा मात्र कूल ७५ जनाको दरबनदी रहेको छ । विभागको प्रमुखमा राजपत्रांकित प्रथम श्रेणीको महानिर्देशक रहने व्यवस्था छ । निजको अतिरिक्त राजपत्रांकित प्रथम श्रेणीकै थप एक जना उप-महानिर्देशक र राजस्व समूहतर्फका राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक ३, सामान्य प्रशासन समूहका राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक १, राजस्व समूह राजपत्रांकित तृतीय श्रेणीका शाखा अधिकृत १८, सा.प्र रा.प. तृतीय श्रेणीका शाखा अधिकृत १, लेखा समूहतर्फको राजपत्रांकित तृतीय श्रेणीको लेखा अधिकृत १, न्याय सेवा सरकारी वकिल समूहतर्फका राजपत्रांकित तृतीय श्रेणीको जिल्ला न्यायाधिवक्ता १ र राजपत्र अनंकित र श्रेणीविहीन तर्फ ४७ जना गरी विभाग र काठमाण्डौ कार्यालयमा जम्मा ७५जना कर्मचारीहरूको दरवन्दी रहेको छ ।

विभाग मातहत पूर्वाञ्चल क्षेत्रको लागि इटहरी, मध्यमाञ्चल क्षेत्रको लागि पथलैया, पश्चिमाञ्चल क्षेत्रको लागि बुटवल र मध्य तथा सुदूर पश्चिमाञ्चलका लागि कोहलपुरमा एक/एक क्षेत्रीय स्तरका कार्यालयहरू रहेका छन् । ती सबै कार्यालयहरूको प्रमुखमा राजपत्रांकित द्वितीय श्रेणी, राजस्व समूहका उप-सचिवस्तरका प्रमुख अनुसन्धान अधिकृत र अन्य अधिकृत तथा सहायक कर्मचारीहरूको दरबन्दी रहेको छ । क्षेत्रीय कार्यालयहरूतर्फ अधिकृतस्तरका १८ जना र सहायक तथा गस्तीतर्फ ७८ गरी जम्मा ९६ जनाको दरवन्दी रहेको छ । विभागमा मात्र ४२ जनाको दरवन्दी रहेको छ । क्षेत्रीय कार्यालयहरूको संगठन संरचना र दरवन्दी विवरण अनुसूची-२ मा दिइएको छ । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार विभागले अन्य विषयका विशेषज्ञ र कर्मचारीहरूलाई काजमा झिकाई काममा लगाउने सक्नेछ ब्यबस्था गरेको छ । संगठन संरचना सम्बन्धी बिस्तृत विवरण अध्याय ४ मा प्रस्तुत गरिएको छ ।

२.३ कार्यसम्पादन प्रणाली

विभागले गर्ने कार्य प्रणालीलाई ब्यबस्थित र पारदर्शी बनाउने उद्धेश्यले विभागको कार्यसम्पादन प्रणालीलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

(क) उजुरी वा सूचनाको संकलन

विभाग र क्षेत्रीय कार्यालयहरूको सूचना संकलनका स्रोतहरू मूलतः देहाय बमोजिम २ वटा रहेका छन् ।

- **वाह्य स्रोत** : सुराकी, पत्रकार, पत्रपत्रिका, रेडियो, टी.भी.जस्ता संचारका माध्यमहरु, सरोकार समूहहरू, नेपाल सरकारका अन्य विभाग मन्त्रालयहरू, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय आदिबाट प्राप्त सूचना र विभिन्न व्यक्तिहरू/संस्थाहरूबाट प्राप्त सूचनाहरू, विभिन्न वेवसाईटहरू आदि ।

- **आन्तरिक स्रोतः** स्थलगत अध्ययन, विभागकै कर्मचारी, विभाग र क्षेत्रीय कार्यालय अर्न्तगतका चेकपोष्टहरु, बजार तथा राजमार्ग अनुगमनबाट प्राप्त सूचनाहरू, नियमित/आकस्मिक र द्रुत गस्ती परिचालनबाट प्राप्त सूचनाहरू तथा आकस्मिक परीक्षणको क्रममा विभागले अपनाएका अन्य रणनीतिहरू र अनुसन्धानको क्रममा उपलब्ध भएका कागजातहरू ।

(ख) **सूचना विश्लेषण**

प्राप्त सूचनाहरूलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्ने गरिन्छ । विश्लेषण गर्ने सन्दर्भमा सूचनाको सत्यता तथा आधिकारिकताको पुष्टि भएपछि कारोवारको प्रकृतीको अध्ययन, सूचना पुष्टी गर्ने थप प्रमाण संकलन गरी प्रारम्भिक प्रतिवेदन महानिर्देशक समक्ष पेश गरिन्छ । सामान्य केशहरूको हकमा प्रारम्भिक प्रतिवेदनकै आधारमा अन्तिम निर्णयमा पुगिन्छ भने विस्तृत छानविन गर्नुपर्ने केशहरू प्रारम्भिक प्रतिवेदनको आधारमा थप छानविन गर्न अनुसन्धान शाखामार्फत अनुसन्धान कार्य अगाडि बढाउने गरिन्छ ।

(ग) **विस्तृत अनुसन्धान र छानविन**

- उद्योग विभाग, वाणिज्य विभाग र घरेलु तथा साना उद्योग विभागमा सम्पर्क गरी आवश्यक कागजात मगाइन्छ ।
- नेपाल राष्ट्र बैंकमार्फत वा सोझै विभागद्वारा कारोवारको प्रकृति र आकार अध्ययन गर्न बैंक खाता विवरण सम्बन्धी कागजात मगाइन्छ ।
- आन्तरिक राजस्व कार्यालयमार्फत कर विवरण र अन्य कागजात मगाइन्छ ।
- घरजग्गा जस्ता अचल सम्पत्तिको सूचना प्राप्त गर्न र रोक्का गर्न भूमिसुधार तथा व्यवस्था विभागमार्फत सम्बन्धित जिल्ला भूमिसुधार कार्यालयमा सम्पर्क गरिन्छ ।
- थुनछेक वा पक्राउ गर्नुपर्ने भएमा प्रहरी कार्यालयमा पत्राचार गरिन्छ ।
- अन्य आवश्यक निकायसंग सम्पर्क गरी अनुसन्धान कार्य अगाडी बढाइन्छ ।
- कारोवार स्थलमा छापा मार्ने र उपलब्ध कागजातको आधारमा करदाताको वयान र अनुसन्धान गर्ने गरिन्छ ।
- विभागमा जडित DRI-CIS कम्प्युटर प्रविष्ट प्रणालीबाट प्राप्त सूचनाको प्रयोग गरिन्छ ।
- अनुसन्धान र छानविनपश्चात् भन्सार महशुल छलेको पाइएमा भन्सार ऐन/नियम, मू.अ.कर छलेकोमा मूल्य अभिवृद्धि कर ऐन/नियम र अन्तःशुल्क छलेकोमा अन्तःशुल्क ऐन/नियम अनुसारको विधिवत प्रकृया पुऱ्याई क्रमशः भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको अधिकार प्रयोग गरी महशुल तथा करनिर्धारण र असुलउपर गरिन्छ । आयकर निर्धारणको हकमा भने सोको कार्यक्षेत्र रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइन्छ । तत्कालै कारवाही टुङ्गो लगाई राजस्व असुलीमा समेत सघाउ पुग्ने प्रकृतिका केशहरूमा उक्त ऐनहरू अन्तर्गत प्रत्यायोजित अधिकारबाट कारवाही गरिन्छ ।
- कानूनी व्याख्यामा द्विविधा र अन्तरविरोध भएका गैरकर राजस्वसम्बन्धी केशहरू राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गर्ने गरिएको छ । जसको पुनरावेदन पुनरावेदन अदालतमा लाग्दछ । भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क ऐन अन्तर्गतको अधिकार प्रत्योजन पश्चात राजस्व चुहावट नियन्त्रण ऐन अर्न्तगत ज्यादै कम केशहरूमा मात्र प्रयोग भएको छ ।
- विदेशी मुद्रा अपचलन भएका अधिकांश केशहरू प्रहरीमार्फत पक्राउ भई अनुसन्धानका लागि आउने र अनुसन्धान पूरा भएपछि जिल्ला न्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिन्छ ।
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, अन्तर्गतका केशहरू नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाई, प्रहरी तथा अन्य निकाय र आफ्नै सूचनाको आधारमा अनुसन्धान गरी विशेष अदालतमा मुद्दा दायर गरिन्थ्यो । हाल सम्पत्ति शुद्धीकरण विभागको स्थापना भएको हुँदा यससंग सम्बन्धित सबै कार्य सोही विभागबाट सम्पादन गरिन्छन ।

(घ) मुद्दा दायर र फैसला

विस्तृत अनुसन्धान र छानविन पश्चात् विभाग आफैले कर निर्धारण र फैसला गर्नेमा आफैले गर्ने र अदालतमा पठाउनु पर्नेमा सम्बन्धित अदालतमा मुद्दा दायर गर्न पठाइन्छ ।

(ङ) **फैसला कार्यान्वयन**

लिलाम, क्षतिपूर्ति, विगो दण्ड जरिवाना, कमिशन राजस्व असुली यस अन्तर्गत पर्दछन् । विभाग आफैले फैसला गर्ने केशहरूमा कर राजस्व असुल उपर गरी जरिवाना तिराउने र अदालतको फैसलाको हकमा अदालतको आदेश अनुसार फैसला कार्यान्वयन गर्ने र गराउने कार्य गरिन्छ ।

अध्याय – तीन

आर्थिक वर्ष २०६८/०६९को प्रगति स्थिति

३.१ विभाग तथा क्षेत्रीय कार्यालयहरूको वर्तमान (आ.व. २०६९/७०) बजेटको अवस्था

राजस्व अनुसन्धान विभागको लागि आर्थिक वर्ष २०६९/०७० मा चालु खर्चतर्फ रु.७ करोड ४७ लाख र पुँजीगत खर्चतर्फ रु.३ करोड ९५ लाख बजेट प्रस्ताव भएको छ । क्षेत्रीय कार्यालयहरू ४ वटाका लागि चालु खर्चतर्फ रु.५ करोड ७४ लाख पुँजीगत खर्चतर्फ रु.१ करोड ८५ लाख बजेट प्रस्ताव भएको छ ।

(१) विभाग तथा क्षेत्रीय कार्यालयहरूको प्रस्तावित मुख्य मुख्य कार्यक्रमहरू

- विभागको मौजुदा भवन निर्माण प्रारम्भ - रु. १ करोड
- विभाग र चेकपोष्टको निर्माण सुधार - रु. ५० लाख
- फर्निचर तथा मेशिनरी औजार - रु. १ करोड ८ लाख
- क्षेत्रीय कार्यालयहरूको निर्माण सुधार - रु. १करोड
- सवारी साधन खरिद (पिकअप ४) - रु.२ करोड

आर्थिक वर्ष २०६८/०६९ को प्रगति स्थिति

(१) राजस्व अनुसन्धान विभाग

आ.ब.२०६८।०६९ मा चालू खर्च तर्फ रु.३ करोड ३६ लाख बजेट ब्यबस्था भएकोमा रु.२ करोड ७३ लाख खर्च भएको छ । पूँजीगत तर्फ ६५ लाख बार्षिक बजेट भएकोमा रु.६२ लाख ५० हजार खर्च भएको छ । पूँजीगत तर्फ भएको प्रमुख कार्यहरूको निम्नानुसार रहेको छ ।

- विभागको मौजुदा भबन निर्माण सुधार - रु. १२ लाख ८५ हजार
- विभाग र चेकपोष्टको निर्माण सुधार - रु. १५ लाख
- फर्निचर खरिद - रु. १५ लाख
- मेशिनरी औजार खरिद रु. - रु. २० लाख

(२) क्षेत्रीय कार्यालयहरु

आ.ब.०६८।६९ मा चालू खर्च तर्फ रु.४ करोड ६६ लाख बजेट ब्यबस्था भएकोमा रु. ४ करोड १ लाख खर्च भएको र पूँजीगत तर्फ रु. ३ करोड ४ लाख बजेट ब्यबस्था भएकोमा रु. २ करोड ७७ लाख खर्च भएको छ । पूँजीगत तर्फको प्रमुख कार्यहरू देहाय बमोजिम छन :

- क्षेत्रीय कार्यालय बुटवलको कार्यालय भवन निर्माण - रु. १ करोड ९० लाख
- क्षेत्रीय कार्यालय कोहलपुरको भवन निर्माण सम्पन्न - रु. ३३ लाख ५० हजार
- फर्निचर खरिद - रु. २२ लाख ७५ हजार
- मेशिनरी औजार खरिद - रु. २१ लाख ७० हजार
- क्षेत्रीय कार्यालय इटहरीमा तला थप - रु. १० लाख

३.२ विभागबाट सम्पन्न भएका अनुसन्धान कार्यहरूको विवरण

राजस्व अनुसन्धान विभाग र मातहतका क्षेत्रीय कार्यालयहरूले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण), मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार, विदेशी विनिमय, तथा आय करतर्फ गरेका काम कारवाहीहरूको विवरण देहाय बमोजिम छ । साथै राजस्व असुलीको वार्षिक प्रगति विवरण अनुसूची-३ मा दिइएको छ ।

(क) मूल्य अभिवृद्धि करतर्फ

आर्थिक २०६८/०६९ मा विभाग र कार्यालयबाट विभिन्न करदाताहरूको कारोवारको आकस्मिक निरीक्षण गरी खरिद विक्री तथा मौज्दातको विवरण लगायत कारोवारको सम्बन्धमा छानविन गर्दा मौज्दात खाताले देखाएको भन्दा कम मौज्दात रहेको, विक्री विजक जारी नगरी करयोग्य वस्तु तथा सेवा विक्री गरेको, मूल्य अभिवृद्धि कर ऐन नियम उल्लंघन गरी कारोवार गरेका लगायत कसुरमा विभिन्न फर्महरूबाट रु.९,६१,३३,६७४।३७, मूल्य अभिवृद्धि कर निर्धारण एवं असुल उपर गरिएको थियो । विशेषतः न्यून मूल्यांकन घोषणा, आन्तरिक ओसारपसारबाट चुहावट र वास्तविक कारोवारको बिल नदिने प्रबृती, नियमनकारी निकायबाट अनुगमन नहुनु तथा न्यून जनचेतना जस्ता कारणहरूले अन्तःशुल्क, भन्सार र मूल्य अभिवृद्धि कर राजस्वको चुहावट भएको विभागको अनुभव रहेको छ । कतिपय अवस्थामा चरणबद्ध कारोवारहरू लुकाउने प्रयास गरिएको विभागको अनुसन्धानबाट देखिएको छ ।

(ख) आयकर तर्फ

यस आर्थिक वर्षमा विभिन्न करदाताहरूको कारोवारको आकस्मिक निरीक्षण गरी मू.अ.कर सम्बन्धी खरिद विक्री तथा मौज्दातको विवरण लगायत कारोवारको छानविनगर्दा त्यसबाट आयकरमा प्रत्यक्ष रुपमा असर पर्ने भएकोले कारोवार अंक रु.६,०८,३७,९७,२५९।०० बराबरको कारोवारको आयकर निर्धारणको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरूलाई लेखी पठाइएको थियो । आयकरको अन्तिम फैसला विभाग आफैले नगरी आयकर ऐन, २०५८ को प्रावधान अनुसार आन्तरिक राजस्व कार्यालयमा पठाउने गरिएको छ ।

(ग) अन्तःशुल्क तर्फ

विभिन्न करदाताहरूको कारोवारको आकस्मिक निरीक्षण गरी खरिद विक्री तथा मौज्दातको विवरण लगायत कारोवारको सम्बन्धमा छानविन गर्दा अन्तःशुल्क ऐन तथा नियम बमोजिम कारवाही एवं अन्तःशुल्क निर्धारण बाट रु.४,३१,८९,८४१।०० असुल उपर गरिएको छ । सुर्ती र सुर्तीजन्य पदार्थहरूको उत्पादनमा ठूलो मात्रामा अन्तःशुल्क छली भएको पाइएको छ ।

(घ) भन्सार तर्फ

यस आर्थिक वर्षमा विभिन्न भन्सार नाकाबाट जाँसपास भएका बिभिन्न सवारी साधन तथा आकस्मिक परीक्षण तथा अनुसन्धानका अतिरिक्त भन्सार तथा गैरभन्सार नाकाहरूमा गरिएको चेकजाच, छानबीन तथा निरीक्षणको क्रममा भन्सार ऐन २०६४ बमोजिम भन्सार राजस्व छलि भएको आधारमा गरिएको कारबाहीबाट महशुल तथा जरिवाना समेत रु.२१,४३,३४,९९५।०० असुल गरिएको छ । विशेषतः परिमाणको न्यून घोषणा, आयातित सामानको गलत घोषणा र वर्गीकरण फरक गरी भन्सार महसुल छल्ने गरेको पाइएको छ । यस सम्वन्धी विस्तृत विवरण अनुसूची - ३ मा दिइएको छ ।

(ङ) **विदेशी विनिमयतर्फ**

यस आर्थिक वर्षमा विभिन्न व्यक्ति तथा फर्महरू उपर विदेशी विनिमय अपचलन गरेको कसुरमा छानविन तथा आवश्यक अनुसन्धान प्रक्रिया पुरा गरी त्यस्ता फर्म तथा व्यक्तिहरू उपर विगो रु.२३,२३,१०,५७९।-को दावी सहित सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ । सो मध्ये केही प्रमुख विवरण अनुसूची - २ मा उल्लेख गरिएको छ । विशेषतः भा. रु. ५००।- र १,०००।- दरका नोटहरू नेपालमा चलन चल्ती गर्न गराउन नपाइने भएकोले धेरै केशहरू यससंग सम्बन्धित छन् । भारतीय रिजर्व बैंकको परिपत्र अनुसार ती नोटहरू नेपालभित्र चलन चल्तीमा ल्याउन प्रतिवन्ध छ । अज्ञानतावस, भूलवस र सूचना/प्रचार प्रसारको कमीका कारण धेरै सर्वसाधारण नेपाली र भारतीयहरू समेत यस कसूर अन्तर्गत कारवाहीमा परेका छन् । सम्बन्धित उच्चस्तरीय निकायबाट यस सम्बन्धमा थप व्यवस्थापन गर्ने तर्फ कदम चाल्नुपर्ने अन्यथा धेरै सर्वसाधारणले कारवाही भोग्नु पर्ने अवस्था रहेको विभागले महसुस गरेको छ । यस सम्वन्धी विस्तृत विवरण अनुसूची - २ मा दिइएको छ ।

(च) **राजस्व चुहावट(अनुसन्धान तथा नियन्त्रण) ऐनतर्फ**

आर्थिक वर्ष २०६८/०६९मा विभिन्न कम्पनी ,व्यक्ति/फर्म तथा आयातकर्ताहरूको छानविन तथा निरीक्षण गर्दा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत बमोजिम अनुसन्धान तहकिकात गरी रु. ६,०८,६२,१०,२४१।- माग दावी लिईमुद्दा दायर गरिएको । यसको विस्तृत विवरण अनुसूची - ५ मा दिइएको छ ।यो ऐन बनेपछि राजस्व सम्बन्धी अन्य ऐनहरू बनेकोले यो ऐनको संशोधन आवश्यक ठानिएको छ ।

३.३ मुद्दा फछ्र्यौट सम्बन्धी विवरण

आर्थिक वर्ष २०६८/०६९ मा यस विभागमा गत वर्षबाट जिम्मेवारी सरी आएका, नयाँ दर्ता भएका र फछ्र्यौट भएका मुद्दाहरूको विवरण तालिका नं. ३.१ मा दिइएको छ । विषयगत मुद्दाहरूको विवरण अनुसूची - ६ मा दिइएको छ ।

तालिका नं. ३. १ : मुद्दा फछ्र्यौट सम्बन्धी स्थिति

(क) विदेशी विनिमय तर्फ

आ. ब. २०६७।०६८ बाट जिम्मेवारी सरेको	२३
आ. ब. २०६८।०६९ मा दर्ता भएको	७६
जम्मा	**९९**
आ. ब. २०६८।०६९ मा अदालतमा मुद्दा दायर भएको	४३
मुद्दा नचलाउने निर्णय तामेलीमा रहेको	१
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पठाइएको	२
आ.व. ०६९/७० को लागि जिम्मेवारी सरेको	५३

(ख) भन्सार तर्फ

आ. ब. २०६७।०६८ बाट जिम्मेवारी सरेको	४१७
आ. ब. २०६८।०६९ मा दर्ता भएको	५६१
जम्मा	**९७८**
आ. ब. २०६८।०६९ मा फछ्र्यौट भएको	७०८
जम्मा बांकी	**२७०**

३.४ ढुवानीका साधन चेकजांचको स्थिति

विभागको प्रमुख कार्यहरूमा अन्य कार्यहरूको अतिरिक्त भन्सार कार्यालयबाट जाँचपास भई छुटेको मालवाहक ढुवानीका साधनहरूको चेकजांच र सो बाट छलिएको राजस्व असुल उपर गर्ने कार्य पनि भएको छ । भन्सार विन्दुबाट आएका ढुवानीका साधनहरूमा समेत राजस्व चुहावटको मात्रा न्यून हुन सकेको छैन । खुला सीमानाको कारण दक्षिण तर्फबाट चोरी पैठारी भै नेपाल भित्रिने र ती चोरी पैठारीका सामानहरू विभिन्न वहानामा देशको अन्यत्र भागमा ढुवानी गरी पठाउने गर्दा राजस्व छली ठूलो मात्रामा हुने गरेको यथार्थता छ । विभाग अन्तर्गतका चेकपोष्टहरू र विभिन्न क्षेत्रमा रहेका क्षेत्रीय कार्यालयहरू यस चेकजांच कार्यमा सक्रियताका साथ लागेका छन् । साथै राजस्व अनुसन्धान विभागबाट बेला-बेलामा खटिने द्रुत गस्ति टोली तथा आकस्मिक गस्ती टोलिबाट समेत ढुवानीका साधानहरू कब्जामा लिई चेकजाँचपश्चात् गर्नुपर्ने कारवाही गरी छलिएको महशुल तथा राजस्व असुल उपर गर्ने गरिएको छ ।

आ. ब. २०६८/०६९ मा सवारी/ढुवानीका साधन लिलाम र बिक्रीको विवरण

प्रहरीद्वारा चोरी पैठारीको अभियोगमा विभागमा दाखिला गरेका र विभाग आफैले कब्जामा लिएका सवारी साधनहरू विभागले लिलाम गरी राजस्व असुल गर्ने गरेको छ । आ. ब. २०६८/०६९ मा सवारी/ढुवानीका साधन लिलाम बिक्रीबाट प्राप्त राजस्व रकम रु.५३,७०,९५७२२ असुल उपर भएको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची ..... मा छ । सोही आ. ब. मा विभागले चोरी पैठारीका अन्य मालसामान लिलाम बिक्रीबाट प्राप्त राजस्व रकम रु.२,७७,०१,३५७८७ असुल गरेको छ ।

३.५ आर्थिक वर्षमा गरिएका मुख्य मुख्य सुधारात्मक कार्यहरू

विभागको सांगठनिक पुनसंरचना, जनशक्ति, आचार संहिताको कार्यान्वयन, तालिम, गोष्ठी,भौतिक पूर्वाधार, बजेट व्यवस्था, द्रुतगस्ती परिचालन लगायतका क्षेत्रमा भए गरेका सुधारलाई संक्षेपमा तल उल्लेख गरिएको छ:

(क) संगठनात्मक संरचना सुधार

२०५० सालमा स्थापना भएको विभाग स्थापनाका शुरुका वर्षहरूमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार कार्य गर्दै आएको थियो । पछिल्ला वर्षहरूमा राजस्व असुलीमा समेत सहयोग पुऱ्याउने उद्देश्यले क्रमशः विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, भन्सार ऐन, २०६४, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ को अधिकार समेत यस विभागले प्रयोग गर्ने गरी नेपाल सरकारद्वारा प्रत्यायोजन भएको छ । गैरकर राजस्व चुहावटको अनुसन्धान तथा तहकिकात गर्ने जिम्वेवारी पनि यस विभागको रहेको छ ।

बढ्दो जिम्मेवारी पूरा गर्न संगठन संरचना र कर्मचारी दरवन्दीमा पुनरावलोकन गरी विभाग एवं कार्यालयहरूको सांगठनिक संरचनाको पुनरावलोकन गर्न एक चरण O & M Survey सम्पन्न भइसकेकोमा सम्पत्ति शुद्धीकरण विभागको स्थापना हुँदा यस विभागको मौजुदा जनशक्तिबाटै जनशक्ति आपूर्ति भएकोले पुनः O & M Survey गरी संगठनिक संरचना पुनवरालोकन गर्न अर्थ मन्त्रलायबाट सहमति प्राप्त भई कार्य भइरहेको छ । नयाँ संगठनात्मक सुधार प्रक्रिया अन्तर्गत हाल भइरहेको O & M Survey मा काठमाण्डौ उपत्यकमा एक राजस्व अनुसन्धान कार्यालय र सुदूरपश्चिमाञ्चलको अत्तरियामा एक क्षेत्रीय स्तरको कार्यालय स्थापना गर्ने प्रस्ताव समेत गरिएको छ ।

(ख) **जनशक्तिको थप व्यवस्था**

विभागको कूल दरवन्दी ७५ र अन्तर्गतका क्षेत्रीय कार्यालयहरूको दरवन्दी ९२ समेत गरी हाल विभाग अर्न्तगत जम्मा १६७ दरवन्दी रहेको छ । विभाग अन्तर्गत रहेका अस्थायी चेकपोष्ट (थानकोट र धुलिखेल) समेतमा विभागबाटै कर्मचारीहरू खटिने भएकाले विभागको कार्यसम्पादनमा आवश्यक मात्रामा कर्मचारीहरू नपुग भई कर्मचारीको अभाव रहेको छ । हालको सांगठनिक संरचनामा थप भएका चेकपोष्टहरूमा कर्मचारीको व्यवस्थापन मौजुदा दरवन्दीबाट नै गर्नु पर्ने भएकोले क्षेत्रीय कार्यालयहरूको कार्य सम्पादनमा पुनः समस्या हुने सम्भावना देखिएको छ । संगठनको मौजुदा दरबन्दी अनरुप निकट भबिष्यमा लोकसेवा आयोगबाट ना.सु. १५ जनाको सिफारिशपश्चात् पूर्ण हुनेछ । राजस्व अनुसन्धान विभागको उद्देश्य कार्य प्रकृति भन्दा बाहिरको अन्य कर्मचारीहरू फाजिल, काजमा सामान्य प्रशासन मन्त्रालयबाट पठाउने प्रवृत्तिको कारण केही समस्याहरू सिर्जना भएको अवस्था छ ।

(ग) **कर्मचारी आचार संहिता**

सदाचार, निष्पक्ष, तटस्थ, पारदर्शी, इमान्दार र स्वच्छ कर्मचारी प्रशासन नभएसम्म समग्र कर्मचारी वर्गमा कामप्रति जिम्मेवार नबन्ने, उत्तरदायित्व प्रति उदासिन रहने, कार्य वातावरणमा उत्प्रेरणाको कमिले कार्य सम्पादनमा पनि प्रतिकूल असर पर्न जाने भएकोले यस विभाग र मातहतका कर्मचारीहरूको लागि आचार संहिता जारी गरिएको छ । आचार संहिताको प्रभावकारी कार्यान्वयनले कर्मचारीको व्यवहारमा परिवर्तन आई उनीहरूबाट सम्पादित कार्य पारदर्शी र सेवाग्राहीलाई छिटो छरितो एवं गुणस्तरीय सेवा प्रदान गर्न सकिने भई सुशासनको मार्गमा अघि बढ्न सहयोग पुग्ने देखिन्छ । आचार संहिताको कार्यान्वयन सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २३ को उपदफा (३) बमोजिम हुने उल्लेख छ ।

(घ) राजस्व अनुसन्धान विभागको केन्द्रीय सूचना प्रणाली (DRI-CIS)

एसियाली विकास बैंकको Support to Anti-Corruption Institutions आयोजना अन्तर्गत अमेरिकी डलर ४५,१६५.०० बराबरको प्राविधिक सहयोगमा यस विभागमा Department of Revenue Investigation Central Information System (DRI-CIS) स्थापना र सञ्चालन भएको छ । यस DRI-CIS ले विभागको क्षेत्रीय कार्यालयहरू, थानकोट र धुलिखेल चेकपोष्टलाई विभागको सूचना सञ्जाल भित्र ल्याएको छ । क्षेत्रीय कार्यालयहरूमा प्रविष्टी भएका कारोवारका विवरणहरू विभागको केन्द्रीय इकाईले संकलन गर्दछ ।यस आयोजना अन्तर्गत सूचना सञ्जाल स्थापनाको अतिरिक्त विभिन्न स्थानमा स्थायी रुपमा होर्डिङ्ग बोर्डहरू राखी राजस्व चुहावट नियन्त्रणको प्रचारप्रसार गरिएको थियो ।

सूचना सञ्जालमा जडित Software को निर्माण पनि यसै आयोजनाले तयार गरेको हो । उक्त कार्य एशियाली विकास बैंकको स्थानीय प्रतिनिधि DEVTEC, Nepal नामक संस्था मार्फत सम्पन्न भएको हो । प्रारम्भिक रुपमा विभाग, क्षेत्रीयकार्यालयहरू र चेकपोष्टहरूको सूचना प्रणाली संकलन र विश्लेषण गर्न सञ्चालित यस आयोजनामा सो DRI-CIS सञ्चालन गर्न १९ जना Computer Operator र एक जना Computer Engineer समेतलाई करारमा लिई कार्य सम्पादन भैरहेको छ । करारमा कार्यरत यी कर्मचारीहरू DRI-CISको तालिम प्राप्त भएकोले यिनीहरूको निरन्तरता अनिवार्य हुनुपर्ने आवश्यकता देखिएको छ ।

(च) Online Vehicle Tracking Monitorung System(OVTMS) लागू गर्ने

आ.व. ०६९/७० देखि सबै मालवाहक ढुवानीका साधनहरूको Web-based Monitoring गर्नको लागि ढुवानीकर्ताहरूले आफ्नो कारोवार स्थलदेखि प्रस्थान गर्दा अनिवार्य रुपमा OVTMS मा ईन्ट्री गर्नुपर्ने छ । यसरी ईन्ट्री गर्दा देशको विभिन्न स्थानमा हिंड्ने मालवाहक ढुवानी साधनहरूले बोकेको मालसामान, सोको मूल्य र गन्तव्य स्थल आदि विवरणहरू खुलाउनु पर्नेछ । यसको अधिकार प्राप्त अधिकारीले जुनसुकै समयमा जुनसुकै स्थानबाट गाडीको अनुगमन गर्न सक्ने व्यवस्था गरिएको छ । साथै उक्त साधनमा जडान गरिने Vehicle Tracking Device ले यसको tracking गर्न सहयोग गर्नेछ । यसबाट विभिन्न स्थानबाट प्रत्येक दिन छुटेको मालवाहक ढुवानी साधनहरूको विद्युतीय माध्यमबाट अनुगमन गरी विभागले आफ्नो अनुसन्धान तथा नियन्त्रणका गतिविधी सहज रुपमा संचालन गर्न सक्नेछ । यसको कार्यान्वयनबाट एउटै बीलबाट बारम्बार सामान ल्याउने, सवारी साधनहरू बाटोमै हराउने तथा चोरी गर्ने जस्ता गतिविधिहरू निरुत्साहित हुनेछन् र विभागको अनुसन्धान तथा नियन्त्रण कार्यमा सरलता आउनेछ ।

(छ) ब्रोसर तथा पम्प्लेट प्रकाशन

राजस्व अनुसन्धान विभागमा पहिलो पटक प्रकाशन गरिएको ब्रोसरलाई समसामयिक बनाई परिमार्जन गरी पुनः प्रकाशन गरिएको छ । "राजस्व अनुसन्धान विभागः संक्षिप्त चिनारी" नामक यस विभागको ब्रोसरमा विभिन्न ८ खण्डहरू समेटिएको छ । परिचय, विभागको सोच, उद्देश्य, रणनीति, विभागको कार्यक्षेत्र, विभागको संरचना, कार्यप्रकृया र पुरस्कारको व्यवस्था सम्बन्धी विवरणहरूको संगालो रहेको यस ब्रोसर निकै उपयोगी सिद्ध भएको छ । यो ब्रोसर राजस्व अनुसन्धान विभाग, हरिहरभवन, पुल्चोकमा निःशुल्क रुपमा उपधव्ध छ । साथै उक्त ब्रोसर विभागको WebSite मा राखिएको छ । यस वर्षको दशैं, तिहार, छटपर्वको समयमा Biling Enforcement गर्ने प्रयोजनको लागि सर्वसाधारण, व्यापारिवर्ग तथा सरोकारवाला सवैलाई अनुरोध गरिएको पम्पेल्ट प्रकाशन गरी काठमाण्डौं उपत्यका तथा उपत्यका बाहिरका प्रमुख शहरहरूमा वितरण गरिएको थियो ।

(ज) द्रुत गस्ती(Flying Squad) परिचालन

आ. ब. ०६८/६९ मा राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान गर्ने उद्देश्यले स्थलगत रुपमा द्रुत्त गस्ती परिचालन गरिएको थियो । विभिन्न समयमा नारायणी नदी पूर्व-मेचीसम्म र नारायणी नदी पश्चिम-महाकालीसम्म द्रुत्त गस्ती खटाइएको र उक्त टोलीहरूले राजमार्गहरूमा सवारी/ढुवानीका साधनहरूमा ढुवानी भएका शंकास्पद मालबस्तु एवं सामान चेकजांच गरी अनुसन्धानको लागि सम्बन्धित क्षेत्रीय कार्यालयहरूमा बुझाएको र उद्योग तथा व्यापारिक कारोवारहरूमा आकस्मिक रुपमा चेकजांच गरी शंकास्पद कारोवारका कागजातहरू अनुसन्धानको लागि सम्बन्धित क्षेत्रीय कार्यालयहरूमा बुझाएको थियो । साथै काठमाण्डौ उपत्यका प्रवेश गर्ने वैकल्पिक मार्गहरू, अरनिको लोकमार्ग लगायतका स्थानहरूमा आकस्मिक, नियमित तथा रात्रीकालिन गस्ती परिचालन गरिएको थियो ।

(झ) विज्ञ टोली गठन

राजस्व अनुसन्धान विभागले मुलुकको राजस्व चुहावट सम्वद्ध विषयको अनुसन्धान, तहकिकात र मुद्दा दायर गर्ने अधिकार पाएको छ । आर्थिक अपराध सम्वद्ध विषयमा अनुसन्धान गर्ने विभागको कार्यकुशलता र दक्षतामा मात्र चुहावट नियन्त्रणको कार्यले गति प्राप्त गर्न सक्छ । राजस्व चुहावटको क्षेत्र व्यापक बन्दै गएको परिवेशमा आर्थिक गतिविधि पनि प्राविधिक वन्दै गएको छ । प्राविधिक जटिलताद्वारा निर्देशित राजस्व अनुसन्धानको कार्यलाई गति प्रदान गर्न सम्वन्धित व्यवसायको

प्राविधिक पक्षको पनि जानकारी हुनु जरुरी भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम क्षेत्रगत रुपमा विशेषज्ञहरूको मौजुदा सूची (Standing List) तयार गर्ने र सोही सूचीबाट Case को प्रकृतिका आधारमा Case Wise प्रचलित कानून बमोजिम वार्ताद्वारा परामर्श लिने व्यवस्था गर्नु आवश्यक भएकोले निम्नानुसार क्षेत्रको विषेशज्ञ सेवाको लागि आव्हान गरिएको थियो ।

१ जलविद्युत,
२ दूरसंचार सेवा,
३ मदिरा र मदिराजन्य,
४ वैकिङ्ग,
५ बीमा,
६ चार्टड एकाउण्टेट,
७ हवाई सेवा,
८ कमोडिटी मार्केट,
९ सफ्टवेयर,
१० वैदेशिक अध्ययन, रोजगार आदी ।

(ट) पूर्व वजेट कार्यशाला गोष्ठीको आयोजना

यस विभागको आयोजनामा २०६९ आषाढ १५ र १६ गते गोदावरीमा पूर्व वजेट कार्यशाला गोष्ठीको आयोजना गरियो । गोष्ठीमा माननीय अर्थमन्त्री, अर्थ सचिव, अर्थ मन्त्रालयका सहसचिवहरू, अर्थ मन्त्रालय अन्तरगतका विभागीय प्रमुखहरू, उच्चस्तरीय राजस्व चुहावट नियन्त्रण समितिका पदाधिकारीहरू, सबै क्षेत्रीय कार्यालयका प्रमुखहरू र विभागका सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको थियो । गोष्ठीमा राजस्व अनुसन्धान विभागको कार्य प्रगति, विद्यमान समस्या, चुनौती, भावी कार्यदिशालाई समेटेर तयार गरिएका कार्य पत्रहरू सबै कार्यालयका प्रमुखले र विभागको तर्फबाट पनि प्रस्तुत गरिएको थियो । साथै अर्थ मन्त्रालयका सहसचिव श्री शान्तराज सुवदीले राजस्व चुहावटको प्रवृत्ति र यसबाट राजस्व चुहावटमा पर्न जाने प्रभावको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । Vehicle Tracking Online System र Vehicle Tracking Device को बारेमा प्रस्तुतीकरण पनि गरिएको थियो । Stress Management सँग सम्बन्धित योगाभ्यास समेतको गोष्ठी आवासीय थियो ।

(ठ) ऐन तथा नियमावलीको मस्यौदा तयारी

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावलीको निर्माण तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमहरू २०२० को संशोधनको लागि मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पठाइएको छ । साथै सुराकी खर्च परिचालन कार्यविधि, २०६८ र मालबस्तुको ओसारपसार तथा चेकजाँच सम्बन्धी जानकारी पुस्तिका तयार गरी लागू गरिएको छ ।

(ड) आर्थिक विकास, संवृद्धि एवं सुशासनको कार्य योजना

नेपाल सरकारको नीति अनुरुप विभागको नीतिगत तथा कानूनी, व्यवस्थापकीय, प्रणालीगत सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि, भौतिक पूर्वाधार सुधार तथा विस्तृत अनुसन्धान सम्बन्धी कारवाही सम्बन्धी प्रगतिहरू कार्य योजनामा उल्लेख गरिए बमोजिम कार्यान्वयन गरी सफलता हासिल गर्न विभाग सफल भएको छ ।

३.६ छानविनको महत्वपूर्णविवरण

(क) युनिटी लाईफ इण्टरनेशनल लि. को छानविन

- युनिटीले गैर कानूनी रुपमा नेटवर्क मार्केटिङ्ग व्यवसाय संचालन गरी आय आर्जन गरेको तर राजस्व छली गरेकोमा लिमिटेडका संचालक/संस्थापक उपर रु.२ अर्व ५७ करोड माग दावी सहित ललितपुर जिल्ला अदालतमा मुद्दा दायर गरिएको ।
- युनिटी सम्वद्ध संस्था, युनिटी सदस्यको आय र लगानी सम्वन्धमा र नियमन सम्वन्धी कारवाही गर्न नियमनकारी निकायहरू: आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रार, वीमा समिति, वाणिज्य मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सम्पत्ति शुद्धीकरण विभाग, धीतोपत्र वोर्ड आदि निकायमा लेखी पठाएको ।
- युनिटीबाट ठगिएका सदस्यहरूको समस्या समाधान नभएको उजूरी आउने गरेको, यस तर्फ सरकारले थप अध्ययन गरी निर्णय लिनु पर्ने ।

(ख) विदेशी विनिमय अपचलन

विदेशी विनिमय सम्वन्धीगत आ.व.बाट जिम्मेवारी सरी आएको मुद्दा २३, यस आ.व.को दर्ता ७६ मुद्दा गरी जम्मा ९९ मध्ये सम्वन्धित जिल्ला अदालतमा ४३ वटा मुद्दा दायर भएको, २ वटा सम्पत्ति शुद्धीकरण विभागमा पठाइएको, १ मुद्दा फिर्ता लिएको र बाँकी अनुसन्धानको क्रममा रहेको छ ।

(ग) VOIP

प्रतिवादीहरूले VOIP Call by pass गरी दूर संचार सेवा प्रदायक कम्पनीलाई हानि नोक्सानी पुऱ्याई सो वापतको रकम आय आर्जन नेपालामा नै बसी गरेको तर सो वापतको राजस्व राज्यलाई नबुझाई राजस्व चुहावट गरेको हुँदा प्रतिवादीहरूले कूल राजस्व चुहावट गरेको रकम रु.८६,५०,३२,६९५।- लाई विगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २३ (१) (ख) बमोजिम हुने दोब्बर जरिवाना रु.१,७३,००,६५,३९०।- गरी जम्मा रु.२,५९,५०,९८,०८५।- प्रतिवादीहरूबाट दिलाई भराइ पाउने मागदावि लिई श्री ललितपुर जिल्ला अदालतमा मिति २०६८/१०/१९ मा मुद्दा दायर गरिएको थियो ।

(घ) नक्कली प्रज्ञापन पत्र

प्रतिवादीहरूले दर्तावाल र दर्ता नभएका फर्मका नामबाट भन्सार प्रज्ञापनपत्र र नगदी रसिद समेत नक्कली बनाई सामान नेपालमा आयात नै नगरी सामान आयात गरेको भनी नेपालका विभिन्न बैंकहरूबाट डिमाण्ड ड्राफ्टमार्फत भारतीय रुपैयाँ रु.१,२४,९७,३२,७२२।- भारत पठाई भारतीय मुद्रा अपचलन गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरूको उक्त कार्य विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ४ को उपदफा ३ र ४, दफा ८ को उपदफा १ र ४ बमोजिमको कसुर अपराध देखिंदा निज प्रतिवादीहरूले अपचलन गरेको भा.रु. १,२४,९७,३२,७२२।- को हुने रु.२,००,१४,४६,९५५।- (अक्षेरुपी: दुई अर्व चौध लाख छयालिस हजार नौं सय पचपन्न मात्र) लाई विगो कायम गरी उक्त विगोको दामासाहीले १२ जना प्रतिवादीहरूबाट असुल उपर गर्ने मागदावि लिई पर्सा जिल्ला अदालतमा मिति २०६९/०३/०६ गते मुद्दा दायर गरियो ।

११. प्रमुख कार्यहरू

- इटहरी,पथलैया,कोहलपुर तथा धुलिखेल र थानकोट चेकपोष्टमा CCTV जडान गरी प्रत्यक्ष अनुगमनको व्यबस्था मिलाईएको ।

- सुराकी परिचालन कार्य बधि, २०६८ स्वीकृत गरी लागू गरिएको ।
- राजस्व अनुसन्धान विभागको इतिहासमा राजस्व चुहावट र बिदेशी बिनिमय सम्बन्धी पहिलो पटक करिब रु.८ अर्बको मागदाबी सहित अदालतमा मुद्दा दायर गरिएको ।
- राजस्व अनुसन्धान क्षेत्रीय कार्यालयको लागि जग्गा प्राप्ती भएको ।
- मालबस्तुको ओसारपसार तथा चेकजाँच सम्बन्धी जानकारी पुस्तिका तयार गरी सरोकारवाला निकायमा बितरण गरिएको ।
- विभाग र मातहतका कार्यालयका कर्मचारीहरूको आचारसंहिता बनाई लागू गरिएको ।
- राजस्व चुहावट नियन्त्रण सम्बन्धी पत्रपत्रिका, विद्युतीय माध्यम, पर्चा पम्प्लेट, होर्डिङ बोर्ड निर्माण आदिबाट प्रचार प्रसार गरिएको ।
- नियमित रुपमा नारायणी पूर्ब र पश्चिम तथा काठमाण्डौ उपत्यकामा आकस्मिक तथा नियमित गस्ती परिचालन गरिएको ।
- राजस्व अनुसन्धान तथा बिदेशी बिनिमय नियमित गर्ने ऐन ,तथा विभागको अन्य कामकारबाही संग सम्बन्धित बिषयहरू समेटिएको FAQ तयार गरी विभागको Website मा राखिएको ।
- राजस्व चुहावट नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम तथा गोष्ठीहरू सञ्चालन गरिएको ।
- विभाग तथा क्षेत्रीय कार्यालयहरूको लागि मेशीनरी (कम्प्यूटर, सी.सी. क्यामेरा, जेनेरेटर आदि) खरीद गरिएको ।
- अन्तर विभागीय सूचना सञ्जाल निर्माणको लागि कार्य भइरहेको, सरोकारवाला निकायहरू उद्योग वाणिज्य महासंघ, Chambers of Commerce तथा अन्य विषयगत संघहरूसँग नियमित छलफल र अन्तरक्रिया गरिएको ।
- राजस्व चुहावट नियन्त्रणको क्रममा राजस्व तथा सुरक्षा निकायका कर्मचारीहरूलाई कारवाहीको घेरामा ल्याएको छ ।
- राजस्व अुनसन्धान विभागले नीतिगत, संरचनागत, प्रक्रियागत, प्रविधि तथा पूर्वाधार विकासका योजनावद्ध सुधारको थालनी गरेको छ । जुन सुधारलाई नेपाल सरकारले सुशासन र आर्थिक संवृद्धिको कार्यक्रममा समेत समावेश गरेको छ ।
- नेपाल सरकारको तर्फबाट संयुक्त राज्य अमेरिकामा समेत मुद्दामा पुर्पक्ष गरी १० लाख अमेरिकी डलर बराबरको मुद्दा नेपाल सरकारको पक्षमा निर्णय भई उक्त रकम नेपाललेफिर्ता प्राप्त गरेको छ ।

१२. विनियोजित वजेटबाट लक्षित उद्देश्य हासिल हुन नसकेको भए सो को विवरण र कारण :-

आ.व. ०६७६८ मा विभागको परिसरमा नयाँ कार्यालय भवन निर्माण शुरु गर्नको लागि रु.४७,५०,०००। वजेट विनियोजन भएकोमा आ.व.को अन्त्यसम्मा मात्र नक्सा तथा ड्रइङ्गको कार्य भएकोले निर्माण कार्य सुरु हुन नसकेको । तर आ.व.०६८/६९ मा नया भवन निर्माणमा बजेट विनियोजन भएको छैन ।

१३. आर्थिक वर्ष ०६८।६९ को वजेट वक्तव्यमा उल्लिखित विभाग सम्वद्ध बुँदागत प्रगति विवरण:-

राजस्व चुहावट अनुसन्धान र तहकिकात प्रक्रियालाई बढी व्यवस्थित र पारदर्शी बनाई राजस्व परिचालनमा अभिवृद्धि गर्न राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावलीको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमार्फत कानून तथा न्याय मन्त्रालय पठाइएको ।

मालवस्तुको आन्तरिक ओसारपसार प्रक्रियालाई थप सैद्धान्तिक बनाई स्वच्छ व्यवसायलाई प्रोत्साहन पुग्ने गरी विद्युतीय माध्यमबाट अनुगमन हुने गरी मालवाहक सवारी साधनको आन्तरिक ओसारपसार

गनृ प्रणालीलार्य व्यवस्थित गर्ने कार्यको सन्दर्भमा Online Vehicle Tracking Monitoring System को Software तयार गरी सरोकारवाला निकायहरूसंगको अन्तरक्रियाको क्रममा रहेको छ ।

३.७ आ. ब. २०६८।०६९ को प्रस्तावित बजेट तथा कार्यक्रम

(क) प्रस्तावित बजेट

तालिका नं. ३.२

निकाय	ब. शि. नं.	रकम रु.
राजस्व अनुसन्धान विभाग	३५।३।१७० (चालु)	६०६६० हजार
	३५।४।१७० (पूंजीगत)	६५०० हजार
	जम्मा	
क्षेत्रीय कार्यालय तर्फ	३५।३।१७० (चालु)	४६०२० हजार
	३५।४।१७० (पूंजीगत)	३०००० हजार
	जम्मा	
कूल जम्मा		

ख) मुख्य मुख्य प्रस्तावित कार्यक्रमहरू

तालिका नं.३.३

सि. नं.	कार्यक्रम	रकम रु.
१.	भवन निर्माण	१००० हजार
२.	फर्निचर तथा फिक्चर्स	१५०० हजार
३.	मेसिनरी औजार	२००० हजार
४.	सार्वजनिक निर्माण	२००० हजार

(ग) वेरुजु फछ्र्यौटको स्थिति

वेरुजु फछ्र्यौट आर्थिक अनुशासनको प्रमुख सूचक हो । गत वर्षहरूबाट जिम्मेवारी सर्दै आएको वेरुजु र यस वर्ष थप भएको समेत वेरुजु फछ्र्यौट गर्ने कार्य चुनौतिपूर्ण हुंदा हुंदै पनि विभाग उक्त आ. व.को निम्नानुसार वेरुजु फछ्र्यौट गर्न सफल भएको छ । यस अर्थमा विभागको कार्य सम्पादनको स्तर उच्च मान्न सकिन्छ ।क्षेत्रीय कार्यालयहरू र विभागको वेरुजुको स्थिती निम्नानुसार रहेको छ ।

तालिका नं. ३४

रु.. 000

विभाग/कार्यालय	विनियोजन			राजस्व			धरौटी		
	बेरूजु	फछ्र्यौट	प्रतिशत	बेरूजु	फछ्र्यौट	प्रतिशत	बेरूजु	फछ्र्यौट	प्रतिशत
राजस्व अनुसन्धान विभाग	२४१	०	०	२६५९२	१०००७	३८।०५	१४८९३	१४१५२	९५।०२
इटहरी	५५	०	०	०	०	०	०	०	०
पथलैया	०	०	०	०	०	०	०	०	०
बुटवल	५९००	०	०	०	०	०	१०६	०	०
कोहलपुर	२१५३	९००	४१।८०	०	०	०	०	०	०
जम्मा	८३४९	९००	१०।७८	२६५९२	१०११७	३८।०५	१४९९९	१४१५२	९४।३५

अध्याय – चार

संगठन संरचना र जनशक्ति

राजस्व अनुसन्धान विभाग र अन्तर्गत क्षेत्रीय कार्यालयहरू समेतमा कूल १६७ दरवन्दी रहेकोमा सो मध्ये विभागमा मात्र ७५ दरवन्दी रहेको छ । नयाँ संगठन संरचनामा काठमाण्डौ उपत्यका इकाई कार्यालय प्रस्ताव गरी सो अन्तर्गत थानकोट र धुलिखेल चेकपोष्ट सहित समाबेश गरी ३३ दरबन्दी छुट्टयाइको छ । हाल थानकोट र धुलिखेल चेकपोष्टमा विभागबाट नै कमचारीहरू खटिई जाने ब्यबस्था छ ।यस विभागको मौजुदा संगठन संरचना र कर्मचारीको दरबन्दीमा सहजता नभएको अवस्था रहेको हुँदा पुनः O&M survey को लागि अर्थ मन्त्रालयबाट सैद्धान्तिक स्वीकृती प्राप्त भई कार्य भइरहेको छ । हालको संगठन संरचना र कर्मचारीको अवस्था देहाय बमोजिमको छ ।

४.१ विभाग र अन्तर्गत क्षेत्रीय कार्यालयहरूको मौजूदा दरवन्दी विवरण

सि.नं.	पदको नाम	श्रेणी	सेवा	समूह	दरवन्दी संख्या	कैफियत
१.	महा-निर्देशक	रा.प.प्र.	प्रशासन	प्रशासन	१	
२.	उप-महानिर्देशक	रा.प.प्र.	प्रशासन	प्रशासन	१	
३.	निर्देशक	रा.प.द्वि.	प्रशासन	राजस्व	३	
४.	निर्देशक	रा.प.द्वि.	प्रशासन	प्रशासन	१	
५.	प्रमुख अनुसन्धान अधिकृत	रा.प.द्वि.	प्रशासन	राजस्व	४	
६.	शाखा अधिकृत	रा.प.तृ.	प्रशासन	राजस्व	८	
७.	शाखा अधिकृत	रा.प.तृ.	प्रशासन	प्रशासन	१	
८.	अनुसन्धान अधिकृत	रा.प.तृ.	प्रशासन	राजस्व	१४	
९.	लेखा अधिकृत	रा.प.तृ.	प्रशासन	लेखा	१	
१०.	जिल्ला न्यायाधिवक्ता	रा.प.तृ.	न्याय	स. व.	१	
११.	कम्प्युटर ईन्जिनियर	रा.प.तृ.	ई.	ई.	१	
१२.	ना.सु.	रा.प.अ.प्र.	प्रशासन	राजस्व	४६	
१३.	ना.सु.	रा.प.अ.प्र.	प्रशासन	प्रशासन	४	
१४.	ना.सु. न्याय	रा.प.अ.प्र.	न्याय	स. व.	५	
१५.	लेखापाल	रा.प.अ.प्र.	प्रशासन	लेखा	१	
१६.	कम्प्युटर अप्रेटर	रा.प.अ.प्र.	विविध	ह	८	
१७.	सह-लेखापाल	रा.प.अ.प्र.	प्रशासन	लेखा	४	
१८.	खरिदार	रा.प.अ.द्वि	प्रशासन	राजस्व	१४	
१९.	ह. स. चा.	श्रेणीविहीन	प्रशासन	प्रशासन	१६	
२०.	का.स.	श्रेणीविहीन	प्रशासन	प्रशासन	३३	
जम्मा					**१६७**	

राजस्व अनुसन्धान विभागकोसंगठन संरचना



* Flying Squad,Emergency Squadर गस्ती परिचालन गरिने ।

** विभिन्न विषयका विशेषज्ञहरू(Economist, CA, IT Export, Forensic Scientist, Criminologists, ML Export, Legal Export, Financial Export आदि) आवश्यकता अनुसार पुल दरवन्दीमा काज वा करारबाट परिचालन गरिने ।

*** प्रहरी नायव उपरिक्षक सहित विभिन्न दर्जाका ३५० सशस्त्र प्रहरीहरूको परिचालन गरिने ।

५. विभागको कर्मचारीको दरवन्दी तेरिज

सि.नं.	पद	श्रेणी/सेवा/समूह	पद संख्या
१.	महानिर्देशक	रा.प.प्र. (सा. प्र.)	१
२.	उप-महानिर्देशक	रा.प.प्र. (सा. प्र.)	१
३.	निर्देशक	रा.प.द्वि. (राजस्व)	३
४.	निर्देशक	रा.प.द्वि. (सा. प्र.)	१
५.	शाखा अधिकृत	रा.प.तृ. (राजस्व)	८
६.	शाखा अधिकृत	रा.प.तृ. (प्रशासन)	१
७.	जिल्ला न्यायाधिवक्ता	रा.प.तृ.(सरकारी वकिल)	१
८.	लेखा अधिकृत	रा.प.तृ. (लेखा समूह)	१
९.	कम्प्युटर इन्जिनियर	रा.प.तृ. (विविध)	१
१०.	ना.सु. (राजस्व)	रा.प.अनं.प्र.	२३
११.	ना.सु. (सा. प्र.)	रा.प.अनं.प्र.	४
१२.	ना.सु.(स. व.)	रा.प.अनं.प्र. (सरकारी वकील)	१
१३.	कम्प्युटर अप्रेटर	रा.प.अनं.प्र.प्रा.	४
१४.	लेखापाल	रा.प.अनं.प्र.	१
१५.	खरिदार	रा.प.अनं.द्वि.	२
१६.	हलुका सवारी चालक	श्रेणी विहिन	७
१७.	कार्यालय सहयोगी	श्रेणी विहिन	१५
जम्मा :			**७५**

४.६ प्रस्तावित काठमाडौं उपत्यका इकाई कार्यालयको संरचना

यस इकाईमा राजस्व समूहको उप सचिव (रा.प.द्वितीय) को नेतृत्व रहने छ । यसले उपत्यका प्रबेश गर्ने नाकाहरूमा रहने चेकपोष्टहरूको प्रशासन एवं व्यवस्थापन गर्दछ । यस इकाईले चेकपोष्टहरूबाट हुने कार्यको अनुगमन, निर्देशन र नियन्त्रण गर्नुको अतिरिक्त सम्बन्धित चेकपोष्ट तथा नाकामा राजस्व प्रहरीको परिचालन पनि गर्नेछ । यस कार्यालयको २ वटा शाखामा सूचना तथा अनुगमन शाखा र अनुसन्धान तथा मुद्दा शाखा रहेको छ । सूचना तथा अनुगमन शाखामा अनुसन्धान अधिकृत (राजस्व समूहको रा. प. तृतीय श्रेणी) एक र राजस्व समूहकै नायब सुब्बाहरू २ वटा गरी कुल दरबन्दी ३ जनाकोछ । अर्को अनुसन्धान तथा मुद्दा शाखामा भने अनुसन्धान अधिकृत (रा.प.तृतीय श्रेणी, राजस्व समूह) एक, नायब सुब्बा (राजस्व समूह) चार, कम्प्यूटर अपरेटर एक, हलुका सवारी चालक दुई, कार्यालय सहयोगी दुई र गस्ती तर्फका २ जना कर्मचारीहरू गरी कुल १२ जनाको दरबन्दी प्रस्ताब गरिएको छ ।

काठमाडौं उपत्यका इकाईले मूलतः चेकपोष्टहरूको प्रशासन तथा व्यवस्थापनको अतिरिक्त अनुसन्धानका लागि कब्जामा लिइएका ढुवानीका साधनहरूको चेकजांच र प्रारम्भिक अनुसन्धान गरी थप अनुसन्धान गर्नुपर्ने देखिएमा विभागमा सिफारिश गर्नेछ । प्रारम्भिक अनुसन्धान गर्दा थप अनुसन्धान गर्नुपर्ने नदेखिएमा त्यस्ता ढुवानीका साधनहरू छाड्ने अधिकार इकाईलाई हुनेछ । विभागको मौजुदा जनशक्ति र उपत्यका इकाई कार्यालयको भौतिक संरचनको अभावमा हाल कार्यालय स्थापना हुन नसकेको र थानकोट र धुलिखेल २ वटा चेकपोष्टबाट उल्लिखित कार्य सम्पादन भई रहेको छ । यसको विस्तृत संगठन तालिका देहाय बमोजिम रहेको छ ।

राजस्व विभाग विभाग

काठमाडौं उपत्यका एकाई कार्यालय



दरवन्दी तेरिज:

सि.नं.	पद	**श्रेणी/सेवा/समूह**	पद संख्या
१.	प्रमुख अ. अधिकृत	रा.प.द्वि. (राजस्व)	१
२.	अनुसन्धान अधिकृत	रा.प.तृ. (राजस्व)	५
३.	ना.सु.	रा.प.अनं. प्रथम(राजस्व)	१५
४.	कम्प्युटर अप्रेटर	रा.प.अनं. प्र (विविध)	३
५.	हलुका सवारी चालक	श्रेणी विहिन	४
६.	कार्यालय सहयोगी	श्रेणी विहिन	५
जम्मा :			३३

४.७ क्षेत्रीय कार्यालयहरू

राजस्व अनुसन्धान विभाग अन्तर्गत ४ वटा क्षेत्रीयका र्यालयहरू रहेका छन् । क्षेत्रीय कार्यालयलाई अझ सुदृढ बनाई कार्य सम्पादन स्तर उकास्न सुदृढीकरण अत्यावश्यक भएकोले साविकका इकाई कार्यालयहरूलाई क्षेत्रीय कार्यालय नामाकरण गरी सोही अनुसारको आवश्यक जनशक्ति व्यवस्था गरिएको छ । पूर्वाञ्चल क्षेत्रीय कार्यालय इटहरीले चारआली चेकपोष्टको समेत प्रशासन गर्दछ भने मध्यमाञ्चल क्षेत्रीय कार्यालयले बर्दिबास र प्रस्तावित नारायणघाट चेकपोष्टको समेत प्रशासन गर्नेछ । त्यसैगरी पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवलले बर्दघाट, रामनगर र प्रस्तावित चन्द्रौटा चेकपोष्टको प्रशासन समेत गर्नेछ । मध्य तथा सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय कोहलपुरले अत्तरिया चेकपोष्टको प्रशासन गर्नेछ । क्षेत्रीय कार्यालय र मातहत रहने चेकपोष्टहरूको प्रस्तावित संगठन संरचना तथा दरवन्दी तेरिजको विस्तृत विवरण निम्न अनुसार रहेको छ ।

राजस्व अनुसन्धान विभागको सूचना

राजमार्गमा गुडिरहेको कुनै मालवाहक गाडीले अवैध मालसामान ओसारपसार गरिरहेको वा भन्सार र कर छलेर मालसामान ढुवानी गरिरहेको सूचना तपाईसँग छ भने हामीलाई जानकारी गराउनुहोस् । नाम र ठेगाना गोप्य राखी तपाईलाई पुरस्कृत गरिनेछ ।

राजस्व अनुसन्धान विभाग **हरिहरभवन, ललितपुर** टेलिफोन नं. १६६०-०१-५५००० [पैसा नलाग्ने (Toll Free) नम्बर] टेलिफोन नं. : ०१-५०१००८५, ०१-५०१००५७, ५०१०१०६ फ्याक्स नं. : ०१-५५४२०२३ इमेल : info@dri.gov.np वेवसाइट : www.dri.gov.np धुलिखेल चेकपोष्ट: ०११-६६०७२० थानकोट चेकपोष्ट: ०१-४३१२१३२	**पूर्वाञ्चल क्षेत्रीय कार्यालय** **इटहरी, सुनसरी** टेलिफोन नं. : ०२५-५८०८३५ ०२५-५८२६०४ फ्याक्स नं. : ०२५-५८०८३५ चारआली चेकपोष्ट: ०२३-४६०६४४
मध्यमाञ्चल क्षेत्रीय कार्यालय **पथलैया, बारा** टेलिफोन नं. : ०५३-५२०२८८, ०५३-५२०४५८, फ्याक्स नं. : ०५३-५२०२८८ वर्दिवास चेकपोष्ट:	**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय** **बुटवल, रुपन्देही** टेलिफोन नं. : ०७१-५४१०१७ फ्याक्स नं. : ०७१-५४१०१७ रामनगर चेकपोष्ट: ०७१-५५१२२९ वर्दघाट चेकपोष्ट: ०७८-५८०७७१
मध्य तथा सुदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय **कोहलपुर, बाँके** टेलिफोन नं. : ०८१-५४०००४ फ्याक्स नं. : ०८१-५४०२३९ अत्तरिया चेकपोष्ट: ०९१-५५१२००	**राजस्व चेकपोष्ट, धुलिखेल** **काभ्रेपलाञ्चोक** टेलिफोन नं. : ०११-६६०७२० फ्याक्स नं. : ०८१-५४०००४

(क) पूर्वाञ्चल क्षेत्रीय कार्यालय इटहरी, सुनसरी



दरवन्दी तेरिज:

सि. नं.	पद	**श्रेणी/सेवा/समूह**	पद संख्या	कार्यरत	फाजिल
१.	प्रमुख अ. अधिकृत	रा.प.द्वि. (राजस्व)	१	१	
२.	अनुसन्धान अधिकृत	रा.प.तृ. (राजस्व)	३	२	
३.	ना.सु.	रा.प.अनं. प्रथम(राजस्व)	४	४	
४.	ना.सु.	रा.प.अनं. प्रथम(स.व.)	१	१	
५.	कम्प्युटर अप्रेटर	रा.प.अनं. प्र (विविध)	१	१	
६.	सह लेखापाल	रा.प.अनं. प्रथम (लेखा)	१	१	
७.	खरिदार	रा.प.अनं. द्वि.(राजस्व)	३	३	
८.	टाइपिष्ट	प्रशासन	-	-	
९.	हलुका सवारी चालक	श्रेणी विहीन	२	२	
१०.	कार्यालय सहयोगी	श्रेणी विहीन	४	४	
११.	गस्ती निरीक्षक		-	-	
१२.	गस्ती उपनिरीक्षक		-	-	
१३.	गस्ती परिचर		-	-	
जम्मा :			२०	१९	

नोट:

(१) मौजुदा गस्तीतर्फका कर्मचारीहरू अवकासपश्चात् ती पदहरू स्वतः खारेज हुने ।

(२) थप हुने ह. स. चा. र का. स. पदहरू सेवा करारमा लिने ।

(३) सहलेखापाल र खरिदार पद जुनसुकै कारणले रिक्त रहे पनि स्वतः खारेज हुने र क्रमशः ले. पा. र ना. सु. को दरवन्दी श्रृजना हुने ।

(ख) मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया, बारा



दरवन्दी तेरिज

सि.नं.	पद	श्रेणी/सेवा/समूह	पद संख्या	कार्यरत	फाजिल
१.	प्रमुख अ. अधिकृत	रा.प.द्वि. (राजस्व)	१	१	
२.	अनुसन्धान अधिकृत	रा.प.तृ. (राजस्व)	४	४	
३.	ना.सु.	रा.प.अनं. प्रथम(राजस्व)	८	४	
४.	ना.सु.	रा.प.अनं. प्रथम(स.व.)	१	१	
५.	कम्प्युटर अप्रेटर	रा.प.अनं. प्र (विविध)	१	१	
६.	सह लेखापाल	रा.प.अनं. द्वि. (लेखा)	१	१	
७.	खरिदार	रा.प.अनं. द्वि.(राजस्व)	३	३	
८.	हलुका सवारी चालक	श्रेणी विहिन	३	३	
९.	कार्यालय सहयोगी	श्रेणी विहिन	५	५	
१०.	टाइपिष्ट	प्रशासन	-	-	
११.	गस्ती निरीक्षक		-	-	
१२.	गस्ती उपनिरीक्षक		-	-	
१३.	गस्ती परिचर		-	-	
जम्मा :			**२७**	**२३**	

नोटः

(१) मौजुदा गस्तीतर्फका र टाइपिष्ट कर्मचारीहरू अवकाश पश्चात ती पदहरू स्वतः खारेज हुने ।

(२) वर्दिवास उपइकाईको स्थापना गरिने भएकोले कुल दरवन्दी संख्या बढेको हो ।

(३) थप हुने ह. स. चा. र का. स. पदहरू सेवा करारमा लिने ।

(४) सहलेखापाल र खरिदार पद जुनसुकै कारणले रिक्त रहे पनि स्वतः खारेज हुने र क्रमशः ले. पा. र ना. सु. को दरवन्दी श्रृजना हुने ।

(ग) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय बुटवल, रुपन्देही



दरवन्दी तेरिजः

सि.नं.	पद	श्रेणी/सेवा/समूह	पद संख्या	कार्यरत	फाजिल
१.	प्रमुख अ. अधिकृत	रा.प.द्वि. (राजस्व)	१	१	
२.	अनुसन्धान अधिृकत	रा.प.तृ. (राजस्व)	४	४	
३.	ना.सु.	रा.प.अनं. प्रथम(राजस्व)	७	२	
४.	ना.सु.	रा.प.अनं. प्रथम(स.व.)	१	-	
५.	कम्प्युटर अप्रेटर	रा.प.अनं. प्र (विविध)	१	१	
६.	सह लेखापाल	रा.प.अनं. द्वि. (लेखा)	१	१	
७.	खरिदार	रा.प.अनं. द्वि.(राजस्व)	३	-	
८.	हलुका सवारी चालक	श्रेणी विहिन	३	२	
९.	कार्यालय सहयोगी	श्रेणी विहिन	५	५	
१०.	टाइपिष्ट	प्रशासन	-	-	
११.	गस्ती निरीक्षक		-	-	
१२.	गस्ती उपनिरीक्षक		-	-	
१३.	गस्ती परिचर		-	-	
जम्मा :			२५	१६	

नोटः

(१) मौजुदा गस्तीतर्फका र टाइपिष्ट कर्मचारीहरू अवकाश पश्चात ती पदहरू स्वतः खारेज हुने ।

(२) थप हुने ह. स. चा. र का. स. पदहरू सेवा करारमा लिने ।

(३) सहलेखापाल र खरिदार पद जुनसुकै कारणले रिक्त रहे पनि स्वतः खारेज हुने र क्रमशः ले. पा. र ना. सु. को दरवन्दी श्रृजना हुने ।

(घ) मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय कोहलपुर, बांके



दरवन्दी तेरिजः

सि.नं.	पद	श्रेणी/सेवा/समूह	पद संख्या	कार्यरत	फाजिल
१.	प्रमुख अ. अधिकृत	रा.प.द्वि. (राजस्व)	१	१	
२.	अनुसन्धान अधिकृत	रा.प.तृ. (राजस्व)	३	३	
३.	क.अधिकृत (विशेष)	रा.प.तृ. (विविध)	१	१	
४.	ना.सु.	रा.प.अनं. प्रथम(राजस्व)	४	३	
५.	ना.सु.	रा.प.अनं. प्रथम(स.व.)	१	१	
६.	कम्प्युटर अप्रेटर	रा.प.अनं. प्र (विविध)	-	-	
७.	सह लेखापाल	रा.प.अनं. द्वि. (लेखा)	१	१	
८.	खरिदार	रा.प.अनं. द्वि. (राजस्व)	३	२	
९.	टाइपिष्ट	प्रशासन	-		
१०.	हलुका सवारी चालक	श्रेणी विहिन	२	२	
११.	कार्यालय सहयोगी	श्रेणी विहिन	४	४	
१२.	गस्ती निरीक्षक		-	-	
१३.	गस्ती परिचर		-	-	
जम्मा :			**२०**	**१८**	

नोटः

(१) मौजुदा गस्तीतर्फका र टाइपिष्ट कर्मचारीहरू अवकाश पश्चात ती पदहरू स्वतः खारेज हुने ।

(२) अत्तरिया उपइकाईको स्थापना गरिने भएकोले कुल दरवन्दी संख्या बढेको हो ।

(३) थप हुने ह. स. चा. र का. स. पदहरू सेवा करारमा लिने ।

(४) सहलेखापाल र खरिदार पद जुनसुकै कारणले रिक्त रहे पनि स्वतः खारेज हुने र क्रमशः ले. पा. र ना. सु. को दरवन्दी श्रृजना हुने ।

अध्याय- पांच

विभाग तथा क्षेत्रीय कार्यालयहरूको प्रगति विवरण

५.१ सूचना संकलन

आ.व. २०६५/६६ को बजेट वक्तव्यबाट राजमार्गमा अनुसन्धानका ढाट हटेपछि सूचना संकलनका क्षेत्रमा केही परिवर्तनहरू गरिएको छ । विशेषतः गैर स्थलगत सूचना संकलन प्रणालीलाई व्यवस्थित गर्ने प्रयास गरिएको छ । प्रमुख व्यवस्थाहरू देहाय अनुसारका छन् ।

- राजस्व चुहावट सम्बन्धी सूचना प्राप्त गरी कारवाही गर्न २४ सै घण्टा खुल्ला रहने गरी विभागमा नियन्त्रण कक्ष (Control Room) स्थापना गरिएको छभने सूचना प्राप्त गर्न फोन नं. ५०१००८५ र पैसा नलाग्ने फोन नं. १६६०-०१-५५००० र फ्याक्स नं. ५५४२०२३ तथा इमेल info@dri.gov.np को व्यवस्था गरिएकोछ । राजस्व चुहावट सम्बन्धी जानकारी पाउने जो कोहीले सूचना दिनसक्ने गरी विभागले सार्वजनिकरुपमा आह्वान गरेको छ । त्यस्तो सूचनाको गोप्यता कायम गरिने व्यवस्था समेत मिलाइएको छ ।

- वस्तु तथा सेवाको कारोवार गर्ने विक्रेताले आफ्नो कारोवारको अनिवार्यरुपले कर विल/विजक जारी गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले अनिवार्यरुपमा विजक जारी गर्नुपर्ने व्यवस्था गरिएको छ । यसको कार्यान्वयनको लागि विभागबाट कारोवारस्थलमा छापामार्ने, आकस्मिक गस्ती तथा द्रुत गस्तीको परिचालनद्वारा कडाइका साथ अनुगमन गरिने व्यवस्था मिलाइएको छ ।

- व्यापारिक प्रयोजनका मालसामानहरू ढुवानी गर्दा त्यस्ता ढुवानीकर्ताहरूले आफुले ढुवानी गरेको मालसामानको ढुवानी घोषणापत्र र भन्सार प्रज्ञापनपत्र/मू.अ.कर विल/विजक/चलान (स्टक ट्रान्सफर) आदि कागजात साथैमा लिई हिड्नुपर्ने व्यवस्था गरिएको छ ।

- मालवाहक ढुवानीको साधनहरूले यात्रुहरू ओसारपसार गर्न र यात्रुवाहक सवारी साधनहरूले व्यापारिक प्रयोजनका मालसामान ढुवानी गर्न नहुने एवं निजी नम्बर प्लेटका गाडीहरूले आफ्नो बाहेक व्यापारिक प्रयोजनका मालसामानहरू ढुवानी गर्न नपाइने व्यवस्था मिलाइएको छ ।

- आन्तरिक ओसारपसारको लागि आन्तरिक राजस्व विभागले जारी गरेको निर्देशिका बमोजिमका प्रमाणित कागजात ढुवानी साधनका साथै लिई हिड्नु पर्नेछ ।

- विभाग अन्तर्गतका थानकोट र धुलिखेल चेकपोष्ट तथा सबै क्षेत्रीय कार्यालयहरूमा CC क्यामेरा जडान गरी विभागबाट प्रत्यक्ष रुपमा अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।

- नेपाल सरकारको आर्थिक विकास र संवृद्धि एवं सुशानको कार्य योजना अनुसारका नीतिगत तथा कानूनी सुधार, व्यवस्थापकीय सुधार, प्रणालीगत सुधार, सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि, भौतिक पूर्वाधार सुधार, विस्तृत अनुसन्धान सम्बन्धी कारवाहीका क्षेत्रमा तोकिएका कार्यगत तथा वित्तीय र भौतिक प्रगति अपेक्षित रुपमा हासिल भएका छन् ।

- माथि उल्लेखित व्यवस्थाको उल्लंघन गरेको पाइएमा विभागबाट खटिएको द्रुत गस्ती/आकस्मिक गस्तीले सामान कब्जामा लिई जफत गर्ने र प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही गर्ने व्यवस्था मिलाईएको छ ।

केन्द्रीय सूचना प्रणालीको विकास(DRI-CIS) **स्थापना** : म्भउबचक्तभलत of Revenue Investigation – Central Information System (DRI-CIS) सूचना संकलनको दृष्टिले ज्यादै महत्वपूर्ण प्रयास हो ।

विभागबाट DRI-CIS को स्थापना गरी यसलाई सूचना सञ्जालको माध्यमबाट क्षेत्रीयकार्यालयहरूसँग जोड्ने र संकलित विल/विजकहरूको कम्प्यूटर इण्ट्रीको अद्यावधिक व्यवस्था गरी कम्प्यूटरकृत सूचना प्रणाली विकास गर्न एशियाली विकास बैंकको प्राविधिक सहयोगमा केन्द्रीय सूचना प्रणाली स्थापना गरिएको हो । विभाग अन्तर्गतका चेकपोष्ट र मातहतका क्षेत्रीय कार्यलयहरूबाट नियमित रुपमा संकलित विल/विजकहरूDRI-CIS मा प्रविष्टी गरी अनुसन्धानको लागि उपयोग गरिएको छ ।

५.२ प्रवर्द्धनात्मक कार्यक्रम

विभागले अपनाएका ३ वटा रणनीति अन्तर्गतको प्रवर्द्धनात्मक रणनीति (Promotional Strategy)प्राथमिकताको विषय रहेको छ । राजस्व परिचालन र चुहावट नियन्त्रण कार्यलाई प्रचार प्रसारको माध्यमबाट उद्योगी, व्यापारी र सर्वसाधारण समक्ष पुऱ्याउन र कानूनको परिपालना गर्ने/गराउने कार्यमा आवश्यक जन जागरण बढाउन निम्नानुसारको कार्यक्रम संचालन गरिएको थियो ।

- देशका प्रमुख व्यापारिक केन्द्रहरूमा सचेतनामूलक/प्रवर्धनात्मक गोष्ठी संचालन गरिएका थिए ।
- राजस्व चुहावट नियन्त्रणलाई सूचनाको माध्यमबाट नियन्त्रण गर्न विभिन्न सरकारी तथा निजी संचार माध्यमहरू मार्फत सन्देशमूलक सूचनाहरू प्रशारण गरियो ।
- ब्रोसर प्रकाशन र पम्पप्लेट वितरण गरिएको ।
- नियमित रुपमा पत्रपत्रिकामा सूचना प्रचार प्रसार गरिएको ।
- काठमाण्डौ र उपत्यका बाहिरका प्रमुख स्थानहरूमा होर्डिङ्ग बोर्डहरू राखिएको ।
- Leaflets र pamphlets वितरण र प्रचार प्रसार गरिएको ।

५.३ कार्यगत लक्ष्य र प्रगति विवरण

आर्थिक वर्ष २०६७/६८ मा आन्तरिक उत्पादन, निकासी, पैठारी गर्ने ढुवानी साधनहरूको आकश्मिक चेकजाँच गर्ने, विभिन्न स्रोतबाट प्राप्त सूचनाका आधारमा वस्तु तथा सेवा प्रदान गर्ने फर्म तथा व्यवसायीहरूको कारोवारस्थल तथा गोदाममा छापामार्ने, द्रुत गस्ती परिचालन गर्ने, मातहतका कार्यालयहरूको निरीक्षण र सुधार गर्ने जस्ता मासिक कार्यगत लक्ष्य निर्धारण गरी सोही अनुसार कार्यसम्पादन गरिएकोमा लक्षित उद्देश्य अनुसार नै कार्यसम्पादन भएको थियो ।

(क) राजस्व संकलनतर्फको प्रगति स्थिति

यस आर्थिक वर्षमा विभाग तथा कार्यालयहरू समेतबाट कुल राजस्व रु.६,५०,३७,६०,५०१/६० असुल भएको छ । यस आर्थिक वर्षमा भएको राजस्व असुलीको विवरण अनुसूची- १२ मा समावेश गरिएको छ ।

५.४ क्षेत्रीय कार्यालयहरूको प्रगति स्थिति

विभाग अन्तर्गतका चारवटा क्षेत्रीयस्तरका इकाई कार्यालयहरूको आर्थिक वर्ष २०६८/६९ को प्रगति स्थिति देहाय बमोजिमका तालिकाहरूमा उल्लेख गरिएको छ ।

(क) राजस्व अनुसन्धान क्षेत्रीयकार्यालय, इटहरी

१.राजस्वको असुली

सि.नं.	राजस्व शिर्षक	राजस्व शिर्षक	कैफियत
१.	भन्सार महशुल	३३९२५३५१.४०	
२.	मू.अ.कर	९,६७०,३८२।१८	
३.	अन्त: शुल्क	३४३,०००।००	
४.	आयकर	२,०९५,८०९।६६	
५.	गैरकर र अन्य	१८१,८००।००	
	जम्मा	**४६,२१६,३४३।२४**	

२.गत तीन वर्षको राजस्व असुलीको तुलनात्मक विवरण

सि.नं.	राजस्व शिर्षक	आ.व.०६६/६७	आ.व.०६७/६८	आ.व.०६८/६९	गत वर्षको तुलनामा प्रगती प्रतिशत
१.	भन्सार महसुल	१८,७६७,५८२।००	२२,६०६,०३९।००	३,९२५,३५१।४०	१५०।०७
२.	मू.अ.कर	२,१२९,४९३।७४	९,२१४,२२४।५६	९,६७०,३८२।१८	१०४।९५
३.	अन्त: शुल्क		५४०,१७०।००	३४३,०००।००	६३।५०
४.	आयकर	१९०,५३०।००	१,३९१,७२९।१२	२,०९५,८०९।६६	१५०।५९
५.	गैरकर र अन्य		५६,६००।००	१८१,८००।००	३२१।२०
जम्मा		**२१,०८७,६०५।७४**	**३३,८०८,७६२।६८**	**४६,२१६,३४३।२४**	**१३६।७०**

३.मुद्दाको विवरण

आ.व.	जिम्मेवारी सरेको	आ.व. को दर्ता संख्या	कुल दर्ता संख्या	फछ्र्यौट भएको संख्या	फछ्र्यौट हुन बाकी संख्या	फछ्र्यौट प्रतिशत
०६६/०६७	२०	१४४	१६४	१४६	१८	८९।०२
०६७/०६८	१८	१४२	१६०	१२१	३९	७५।६३
०६८/०६९	३९	२३२	२७१	२०४	६७	७५।२८
जम्मा	**७७**	**५१८**	**५९५**	**४७१**	**१२४**	**२३९।९३**

४.बेरुजु विवरण

आ.व.	विनियोजन	राजस्व	धरौटी	फछ्र्यौट भएको	जम्मा प्रतिशत	कैफियत
०६६/०६७	-	-	-	-	-	बेरूजु नभएको
०६७/०६८	-	-	-	-	-	बेरूजु नभएको
०६८/०६९	-	-	-	-	-	बेरूजु नभएको
जम्मा	-	-	-	-	-	बेरूजु नभएको

५.अनुसन्धान गरी कारबाही गरिएका १० ठूला फर्महरको विवरण

सि.नं.	फर्म वा व्यक्तिको नाम	मालवस्तुको नाम	असुल गरिएको राजस्व	कैफियत
१.	शेरावली होम डेकोर	फर्निचर र फर्निसिङ	१८,६५,०००	भन्सार, मू.अ.कर (धरौटी)
२.	शिव केमिकल	डिटरजेन्ट पाउडर	१८,१२,०००	मू.अ.कर
३.	दुर्गा भवानी स्टोर्स	तयारी र अर्धतयारी कपडा	१३,००,०००	भन्सार, मू.अ.कर
४.	पशुपति पोलिपोपलिन ई.	प्लाष्टिक यापर	११,९०,०००	मू.अ.कर, अन्त : शुल्क
५.	शिवज्योति इन्टर्न अटो ट्रेडर्स	मोटर पार्टस	८,००,०००	भन्सार, मू.अ.कर
६.	बैंकटेश ट्रडर्स	बिस्कुट, चिनी समेत	७,९६,०००	मू.अ.कर
७.	गोमती फुड्स	मैदा	२,६५,०००	मू.अ.कर
८.	वर्ल्ड ट्रेडर्स च्यानल	सुपारी	१,६०,०००	मू.अ.कर
९.	अरिहन्त मंगलम इन्टर प्राइजेज	सुपारी	१,५३,०००	मू.अ.कर
१०.	ईश्वर ट्रेडर्स	साइकल तथा पार्ट्स	१,५०,०००	भन्सार, मू.अ.कर

६. ढुवानी साधनहरुको चेकजांचको स्थिति

कार्यालयको नाम	भन्सार बिन्दुबाट आएका सवारी तथा ढुवानी साधन चेकजाच	आन्तरिक ओसारपसारका ढुवानी साधनको चेकजाच	निकासी भएका सवारी साधनको चेकजाचको स्थिति	गोदाम तथा कारोवार स्थलको चेकजाच
विराटनगर र मेची	८३	१०८	४	२५

७. कार्यगत लक्ष्य प्रगतिको विवरण

सि.नं.	आकस्मिक गस्ती	राजमार्ग अनुगमन	सीमाक्षेत्र अनुगमन	बजार अनुगमन	कैफियत
१.	१९५	१२३३८ कि.मि.	५० पटक	१०२ पटक	

८. अन्य निकायहरूसँगको सूचना आदान प्रदानको विवरण

- अनुसन्धानका लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालय र भन्सार कार्यालयहरूबाट आवश्यक सूचना आदान प्रदान गरिएको ।

९. DRI-CIS को बर्तमान अवस्था

- बील इन्ट्री गर्ने गरिएको ।
- आ.व. २०६८/६९ मा ६०,९२३ बील/बीजक/प्रज्ञापनपत्र CIS इन्ट्री भएको ।

१०. कार्यालयको प्रमुख समस्या र चुनौतीहरू

- गोदाम तथा आवासको अभाव ।
- जेनेरेटर नभएको ।
- राजस्व चुहावटको परिवर्तित प्रवृत्ति अनुसार जनशक्तिको दक्षता अभिवृद्धि नहुनु ।
- राजस्व चुहावट नियन्त्रणमा संलग्न निकायहरूबीच समन्यको कमी ।

११. समाधानका लागि गरिएका प्रयास तथा सुझावहरू

- आ.व. २०६८/६९ मा यस कार्यालयमा गोदाम निर्माणका लागि प्राप्त बजेटबाट कार्यालय भवन माथि दुई कोठा थप गरिएको ।
- कार्यालयमा जेनेरेटरको लागि विभागमा माग गरी लेखी पठाइएको ।
- Banking Account Statement Analysisतथा Computer Softwareसम्बन्धी तालिमको लागि अनुरोध गरिएको ।

१२. सुझावहरू

- गोदाम तथा आवास भवन निर्माणको लागि चालु आ.व. मा नै कम्तीमा ५० लाख बिनियोजन गर्नुपर्ने ।
- कार्यालयमा तत्कालै कम्तीमा १० के.भि.ए.को जेनेरेटरको व्यवस्था गर्नु पर्ने ।
- कर्मचारीहरूलाई अनुसन्धानको लागि दक्षता अभिवृद्धि गर्ने व्यवहारिक तालिम निरन्तर दिनुपर्ने ।
- केन्द्रीयस्तरको सूचना प्रणाली (भन्सार, आ.रा.वि.,रा.अ.वि.) Inter Linkageगर्दै चुहावट नियन्त्रणका लागि उपयोग गर्नुपर्ने ।

(ख) राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, पथलैया

१. राजस्वको असुली

सि.नं.	राजस्व शिर्षक	राजस्व शिर्षक	कैफियत
१.	मू.अ.कर	२०,२८०,०९२।००	
२.	आयकर	१०,३३८,२३५।००	
३.	भन्सार महशुल	९३,४७६,३०६।००	
४.	अन्त : शुल्क	३२,००७,३१०।००	
५.	गैरकर र अन्य	२,७३७,३१७।००	
	जम्मा	**१५८,८३९,२६०।००**	

२. गत तीन वर्षको राजस्व असुलीको तुलनात्मक विवरण

सि.नं.	राजस्व शिर्षक	आ.व. ०६६/६७	आ.व.०६७/६८	आ.व.०६८/६९	गत वर्षको तुलनामा प्रगती
१.	मू.अ.कर	९,९३३,०००।००	८,३२९,८६७।००	२०,२८०,०९२।००	२४३।४६

२.	आयकर	७,८१४,०००।००	४,३९३,९०७।००	१०,३३८,२३५।००	२३५।२९
३.	भन्सार महशुल	४४,६८१,०००।००	६६,५२२,८१७।००	९३,४७६,३०६।००	१४०।५२
४.	अन्त : शुल्क	३,०५८,०००।००	९५८,१९९।००	३२,००७,३१०।००	३,३४०।३६
५.	गैरकर र अन्य	७९२,०००।००	८१०,५८७।००	२,७३७,३१७।००	३३७।७०
जम्मा		**६६,२७८,०००।००**	**८१,०१५,३७७।००**	**१५८,८३९,२६०।००**	

३. मुद्दाको विवरण

आ.व.	जिम्मेवारी सरेको	आ.व. को दर्ता संख्या	कुल दर्ता संख्या	फछ्र्यौट भएको संख्या	फछ्र्यौट हुन बाकी संख्या	फछ्र्यौट प्रतिशत
०६६/०६७	२२	२५३	२७५	२५९	१६	९४
०६७/०६८	३९	२१८	२५७	२३४	२३	९१
०६८/०६९	२३	३३९	३६२	३२८	३४	९१
जम्मा	**८४**	**८१०**	**८९४**	**८२१**	**७३**	

४. बेरुजु विवरण

आ.व.	विनियोजन	राजस्व	धरौटी	फछ्र्यौट भएको	जम्मा प्रतिशत	कैफियत
०६६/०६७	-	-	-	-	-	
०६७/०६८	-	-	३६४,०८३।००	१५८,०९५।००	४३।४४	
०६८/०६९	-	-	-	-	-	म.ले.प.को विवरण प्राप्त नभएको ।
जम्मा	**-**	**-**	**३६४,०८३।००**	**१५८,०९५।००**	**४३।४४**	

५. अनुसन्धान गरी कारबाही गरिएका १० ठूला फर्महरको विवरण

सि.नं.	फर्म वा ब्यक्तिको नाम	मालवस्तुको नाम	असुल गरिएको राजस्व	कैफियत
१.	यूनाइटेड ब्रअरी नेपाल प्रँ.लि.	बियर	४३,९७७,२९७।००	
२.	आयूसी जनरल सप्लायर्स	किराना	१,७०४,३७६।००	
३.	नितेश ब्रदर्श	विविध सामानको कारोवार	१,४१६,७३३।००	
४.	एशियन डिष्ट्रीलरी	मदिरा	१,००२,५५०।००	
५.	शान्ति ट्रेडर्स	मदिरा	६९२,३३१।००	
६.	एस.पि.इन्टरप्राइजेज, हेटौडा	विविध सामानको कारोवार	५९६,४५८।००	
७.	ए.पि .ट्रेडर्स, हेटौडा	सप्लाई	४९५,०५०।००	
८.	आर.के. स्टोर्स	किराना	४९०,०९४।००	
९.	तुलसी इम्पेक्स	मार्वल	३५०,०६०।००	
१०.	चावासोती स्टोर	निर्माण सम्बन्धी	३०१,४३७।००	
जम्मा			**५१,०२६,३८६।००**	

६. ढुवानी साधनहरुको चेकजांचको स्थिति

कार्यालयको नाम	भन्सार बिन्दुबाट आएका सवारी तथा ढुवानी साधन चेकजाँच	आन्तरिक ओसारपसारका ढुवानी साधनको चेकजाँच	निकासी भएका सवारी साधनको चेकजाँचको स्थिति	गोदाम तथा कारोवार स्थलको चेकजाँच

जम्मा	७०	४२३	१३	४०

७. कार्यगत लक्ष्य प्रगतिको विवरण

सि.नं.	आकस्मिक गस्ती	राजमार्ग अनुगमन	सीमाक्षेत्र अनुगमन	बजार अनुगमन	कैफियत
१.	११	२४	८	२०	

८. अन्य निकायहरूसँगको सूचना आदानप्रदानको विवरण

- अर्थ मन्त्रालय र अन्तरगतका विभागको वेभसाइटहरूबाट कर गैर कर सम्बन्धी अध्यावधिक सूचना प्राप्त गर्ने गरेको ।
- आन्तरिक राजस्व विभागको Portal बाट करदाता सम्बन्धी सूचना प्राप्त गर्ने गरेको ।
- सुरक्षा निकाय तथा स्थानिय निकायहरूसँग सूचनाको आदानप्रदान गरी राजस्व चुहावट नियन्त्रण गरिएको ।
- विभिन्न व्यक्ति, संस्थाहरूबाट लिखित, मौखिक तथा विद्युतीय सञ्चार माध्यम मार्फत सूचनाहरू संकलन गर्ने गरेको ।

९. DRI-CISको बर्तमान अवस्था

- कमजोर भौतिक अवस्था,
- पर्याप्त जनशक्तिको कमी,
- आवश्यक साधनहरू जस्तै : कम्प्यूटर, यू.पि.एस. को अपर्याप्तता Power Back नहुँदा काममा समस्या,
- इन्टरनेट सुविधा भरपर्दो नहुनु,
- IT शाखा नहुनु,
- तालिमको ब्यवस्था नहुन ।

१०. कार्यालयका प्रमुख समस्या र चुनौतिहरु

- राजस्व चुहावट नियन्त्रण र अनुसन्धानमा भन्दा लिलाम विक्री र मुद्दा मामिलामा बढी केन्द्रित हुनु पर्ने अवस्था,
- कार्यालय भवन अपर्याप्त, पुरानो आवास गृह,
- कर्मचारीहरूलाई तालिमको अभाव,
- सवारी साधन, प्रयोगशाला, अनुसन्धानको निमित्त प्रयोग हुने यन्त्र उपकरणको अभाव,
- अनुसन्धानको सिलसिलामा अन्य निकायहरूको अनावश्यक चासो र हस्तक्षेप,
- मुद्दा फैसला तथा अनुसन्धान प्रक्रियामा स्थानीय दवाव

११. समाधानका लागि गरिएको प्रयास तथा सुझावहरु

- स्थानीय FM स्टेशनबाट राजस्व चुहावट नियन्त्रण र करदाता शिक्षा सम्बन्धी सन्देशहरू निःशुल्करुपमा प्रसारणको शुरुवात गरियो,
- नयाँ कार्यालय भवन निर्माणका लागि ९ कट्ठा ७ धुर २ कन्वा जग्गा प्राप्त भएको । चालु आ.व.मा भवन, सेड घर, पर्खाल निर्माण गर्न पर्याप्त बजेट ब्यवस्था हुनुपर्ने ।

- राजस्व दाखिला गर्ने सन्दर्भमा एभरेष्ट बैंक सिमरामा व्यवस्था मिलाइएको र धरौटीतर्फ पनि कारवाही भैरहेको,
- सवारी साधन, प्रयोगशाला, अनुसन्धानको निमित्त प्रयोग हुने यन्त्र उपकरण, फर्निचर र कम्प्यूटरको पर्याप्त व्यवस्था हुनु पर्ने,
- कर्मचारीहरूलाई कार्यमा उत्प्रेरित गर्न पुनर्ताजगी तालिमको व्यवस्था हुनुपर्ने ,
- सञ्चार सुविधा (वाकीटकी) को व्यवस्था हुनुपर्ने,
- कार्यालयको लक्ष्य प्राप्तीका लागि O&M Survey गराई नयाँ संगठनात्मक संरचना अनुसार अनुसन्धान केन्द्रित जनशक्तिको खटनपटन गर्नु पर्ने,
- नारायणगढ क्षेत्रमा चेकपोष्टको स्वीकृत प्राप्त भएअनुसार चेकपोष्ट अविलम्ब स्थापना गर्नुपर्ने,
- अन्त:शुल्क लाग्ने पदार्थ मदिरा र चुरोटमा हुन सक्ने राजस्व चुहावटको सम्बन्धमा सम्बन्धित विज्ञहरूबाट तालिमको व्यवस्था गर्नुपर्ने ।

(ग) राजस्व अनुसन्धान पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, बुटवल

१. राजस्व असुली

सि.नं.	राजस्व शिर्षक	राजस्व असुली रकम	कैफियत
१.	भन्सार	१,३६,९०,९३४	
२.	मूल्य अभिवृद्धि कर	२९,०९,२७९	
३.	अन्त शुल्क	८,४८,७५०	
४.	आयकर	२३,५०८।०००	
५.	अन्य	७७,६२१।०००	
जम्मा		**१,७५,५०,०९२**	

२. असुलीको तुलनात्मक विवरण

सि.नं.	राजस्व शिर्षक	आ.व.०६६/६७	आ.व.०६७/६८	आ.व.०६८/६९	गत वर्षको तुलनामा प्रगती प्रतिशत
१.	भन्सार	६२,९४,६६५	५१,०३,९१०	१,३६,९०,९३४	१६८.२२४
२.	मूल्य अभिवृद्धि कर	४४,४८,४२५	१३,१६,०४१	२९,०९,२७९	१२१.६३
३.	अन्त शुल्क	१,४२,९०७	१,८१,१००	८,४८,७५०	३८६।६६४
४.	आयकर	२१,२५,४०३	३,११,१२२	२३५०८	□ १२३७.४७३
५.	अन्य	१७,९७,८३८	१४,००,९९५	७७६२१	□ १७०४.९७१
जम्मा		**१,४८,०९,२३८**	**१,०३,१३,१६८**	**१,७५,५०,०९२**	**७०.१७२**

३ मुद्दाको विवरण

सि.नं.	आ.व.	जिम्मेवारी सरेको	आ.व.को दर्ता संख्या	कुल दर्ता	फछ्र्यौट भएको संख्या	फछ्र्यौट हुन बाँकी संख्या	फछ्र्यौट प्रतिशत
१.	६६।६७	१३	४४	५७	४४	१४	७७.१९३
२.	६७।६८	१४	५७	७१	४८	२३	६७.६०६
३.	६८।६९	२३	२७८	३०१	१९८	१०३	६५.७८१
जम्मा							

४. बेरुजुको विवरण

सि.नं.	आ.व.	विनियोजन	राजस्व	धरौटी	फछ्र्यौट भएको	जम्मा	कैफियत
१.	०६६।६७						
२.	०६७।६८						
३.	०६८।६९						
जम्मा		नभएको					

५. अनुसन्धान गरी कारबाही गरिएका १० ठूला फर्महरूको विवरण

सि.नं.	फर्म वा व्यक्तिको नाम	मालबस्तुको नाम	असुल गरिएको राजस्व	कैफियत
१.	शुभम छड सिमेन्ट पसल (तौलिहवा)	सिमेन्ट, छड लगायत	८,०५,८६४	
२.	कपिलबस्तु आईरन स्टोरन स्टोर (तौलिहवा)	सिमेन्ट, छड लगायत	२,७२,९५४	
३.	राम जानकी हार्डवेयर (बुटवल)	सिमेन्ट, छड लगायत	२,१५,४३२	
४.	दिब्यलक्ष्मी स्टोर बुटवल	जुत्ता, चप्पल	२१२,३८०	
५.	आस्था ईन्टरप्राईजेज (भैरहवा)	खाद्यान्न	१,९५,३१३	
६.	न्यू कुसल ट्रेडर्स (नवलपरासी)	चकलेट	१,५३,२९६	
७.	जे.बि.एण्ड.थ्रि.डटर्स (बुटवल)	मदिरा लगायत	१,२१,६३०	
८.	बिजय वर्षा ट्रेडर्स	विविध	६६,४८०	
९.	हिमाल ट्रेडर्स (कृष्ण नगर)	कपडा	५९,८५९	
१०.	कर्म स्टोर (भैरहवा)	चिनी लगायत	५०,०५३	

६. ढुवानीका साधनहरूको चेकजाँचको स्थिति

कार्यालयको नाम	भन्सार बिन्दुबाट आएका सवारी तथा ढुवानी साधन चेकजाँच	आन्तरिक ओसारपसारका ढुवानी सानको चेकजाँच	निकासी भएका सवारी साधनहरूको चेकजाँचको स्थिति	गोदाम तथा कारोवार स्थलको चेकजाँच
रा.अ.क्षे.का. बुटवल	३६	४३१	१	११

७. अन्य निकायहरू सँगको सूचना आदान प्रदानको विवरण

- सशस्त्र, नेपाल प्रहरी लगायतसँग सूचना आदान प्रदान हुने गरेको,
- सामुदायिक गस्ति एवं छापा मार्ने कार्य समय समयमा हुने गरेको,
- भन्सार कार्यालयसँग राजस्व चुहावट सम्बन्धि छलफल हुने,
- समय समयमा राजस्व चुहावट नियन्त्रण समितिको बैठक बसी छलफल हुने गरको,
- आ.रा.का. को सहयोगमा लगातार क्रेडिट विवरण बुझाउने करदाताको छानविन गर्ने ।

८. DRI-CIS को वर्तमान अवस्था

- संकलीत बिलको व्यवस्थापन गर्न कठिनाई भएको,
- बिल धेरै संकलन हुने तथा उर्जा संकटको कारण सम्पूर्ण बिल ईन्ट्रि हुन नसकेको,
- ईन्ट्रि भएको बिलमा कार्यालयको पहुँच नभएको,
- विभागबाट उक्त बिलको आवश्यक सूचना प्राप्त हुन नसकेको ।

९. प्रमुख समस्या र चुनौतीहरू

- दक्ष, तालीम प्राप्त एवं अनुभवी जनशक्तिको अभाव,
- कार्यालय भित्रको कर्मचारीको कार्यक्षेत्रको समस्या,
- विज्ञ, विशेषज्ञ एवं दक्ष कर्मचारीको अभाव (चेकपोष्टमा बील, बीजक, पज्ञापन पत्र, स्टक ट्रान्सफर),
- कर्मचारीको आवश्यकता र आपूर्तिबीच तालमेलको समस्या (फाजिल),
- उपयुक्त तालीम एवं प्रशिक्षणको अभाव,
- PROTAX मा पहुच छैन,
- सुराकी ब्यवस्थापन,
- IT Assessment गर्ने अधिकार नभएको,
- अनावश्यक राजैतिक दबाब आउने ।

१०. समाधानका लागि गरिएको प्रयास तथा सुझावहरू

- सबै तहका कर्मचारीहरूलाई काम र नैतिकता सम्बन्धी नियमित प्रशिक्षणको ब्यवस्थापन गर्ने,
- कार्यालयमा जनशक्ति आवश्यकताको विश्लेषण गरी कर्मचारी पदस्थापन गर्ने,
- गस्ती समूहको आवश्यकताको विश्लेषण गर्ने,
- अन्तर कार्यालय र अन्तर विभाग सूचना सञ्जाल स्थापना गर्ने,
- PROTAXमा पहुँचको ब्यवस्था गर्ने र Portalमा उपलब्ध Dataहरूलाई नियमित Update गर्ने,
- सवारी साधनको उपलब्धता प्राथमिकता आधारमा गर्ने,
- चेकपोष्टमा पेश गर्ने कागजात दरपीठ गर्ने ब्यवस्था गर्ने,
- प्रत्येक महिना सबै क्षेत्रीय कार्यालयहरूको प्रतिनिधित्व गराई विभागमा समिक्षा बैठक गरी समसामयिक समस्या समाधान गर्न पहल गर्नु पर्ने,
- स्पष्ट कार्यविधि तथा निर्देशिका तर्जुमा गरी लागू गर्ने,
- PBISलागू गर्ने,
- विदेशी विनिमय सम्बन्धी अनुसन्धान गर्ने अधिकार बिकेन्द्रीकरण गर्ने,
- निजी सवारी साधनहरू भारतबाट अस्थायी पैठारी गर्दा प्रबेश शर्त उल्लघंन अज्ञानता बश भएको ठहरिएमा Heavy Penaltyको स्पष्ट ब्यवस्था गर्ने ।

(घ) राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय, कोहलपुर

१. राजस्वको असुली

सि.नं.	राजस्व शिर्षक	राजस्व शिर्षक	कैफियत
१.	भन्सार	१३,९८९,७६२।५०	
२.	मू.अ.कर	३,३५१,५०१।५०	
३.	अन्त : शुल्क	१०७,५००।००	
४.	आयकर	८४,०००।००	
५.	बहाल कर	१३०,४०१।००	
जम्मा		**१७,६६३,१६५।००**	

२. गत तीन वर्षको राजस्व असुलीको तुलनात्मक विवरण

सि.नं.	राजस्व शिर्षक	आ.व. ०६६/६७	आ.व.०६७/६८	आ.व.०६८/६९	गत वर्षको तुलनामा प्रगती
१.	भन्सार	४,८२९,४९९।००	९,१८८,३६७।००	१३,९८९,७६२।५०	५२ छ

२.	मू.अ.कर	१,५००,९५९।००	६,४६२,२७०।००	३,३५१,५०१।५०	४८ छ
३.	आयकर	३३१,२६३।००	८३,०००।००	८४,०००।००	१।२० छ
४.	अन्त : शुल्क	८७,४००।००	३०९,९८६।००	१०७,५००।००	६५ छ
५.	बहाल कर			१३०,४०१।००	१०० छ
६.	अन्य	६४१,१२२।००			
जम्मा		७,३९०,२४३।००	**१६,०४३,६२३।००**	**१७,६६३,१६५।००**	**१० छ**

३. मुद्दाको विवरण

आ.व.	जिम्मेवारी सरेको	आ.व. को दर्ता संख्या	कुल दर्ता संख्या	फछ्र्यौट भएको संख्या	फछ्र्यौट हुन बाकी संख्या	फछ्र्यौट प्रतिशत
०६६/०६७	९	८५	९४	८१	११	८८ %
०६७/०६८	११	७९	९०	८७	३	९७ %
०६८/०६९	३	९६	९९	७२	२७	७२ %
जम्मा	**२३**	**२६०**	**२८३**	**२४०**	**४१**	

४. बेरुजु विवरण

०६७/०६८	११०,९७३।००	-	-	-
०६८/०६९		३६४,०८३।००	१५८,०९५।००	४३।४४
०६८/०६९	-	-	-	-
जम्मा	-	-	-	-

५. अनुसन्धान गरी कारबाही गरिएका १० ठूला फर्महरको विवरण

सि.नं.	फर्म वा व्यक्तिको नाम	मालवस्तुको नाम	असुल गरिएको राजस्व	कै.
१.	चादनी इन्टरप्राइजेज	खाद्यन्न	४०६,८९४।००	
२.	शर्मा प्लाष्टीक सोरुम	प्लास्टीक सामान	३८०,९४०।००	
३.	विशाल ईन्टरप्राइजेज	खाद्यन्न	३०९,२९६।००	
४.	गणपति विजुली भण्डार	इलेक्ट्रीकल्स	१९८,४८०।००	
५.	शर्मा प्लास्टीक अडर सप्लायर्स	प्लास्टीक सामान	१८३,९५४।००	
६.	विमर्श जनरल अडर सप्लायर्स	खाद्यन्न	१८१,४७८।००	
७.	कृष्ण अटो ट्रेडर्स	अटोपार्टस	१४४,५४९।००	
८.	क्रिष्टलो बाटर ईन्टरप्राइजेज	पानी	१३५,२७२।००	
९.	राप्ती रोडा ढुंगा क्रर्सर उद्योग	गिट्टी बालुवा	१२४,१५४।००	
१०.	न्यू हिमालय अडर सप्लायर्स	चिनी	१२२,८६१।००	
जम्मा			**२,१८७,८७८।००**	

६. ढुवानी साधनहरूको चेकजांचको स्थिति

कार्यालयको नाम	भन्सार बिन्दुबाट आएका सवारी तथा ढुवानी साधन चेकजाँच	आन्तरिक ओसारपसारका ढुवानी साधनको चेकजाँच	निकासी भएका सवारी साधनको चेकजाँचको स्थिति	गोदाम तथा कारोवार स्थलको चेकजाँच
	९१	१६५	सन्तोषजन पाइएको	

७. कार्यगत लक्ष्य प्रगतिको विवरण

सि.नं.	आकस्मिक गस्ती	राजमार्ग अनुगमन	सीमाक्षेत्र अनुगमन	बजार अनुगमन	कैफियत
१.	४९	१४	३	६१	

८. अन्य निकायहरूसँगको सूचना आदान प्रदानको विवरण

- सशस्त्र प्रहरी, नेपाल प्रहरी, आ.रा.का., भन्सार लगायत जिल्ला स्थित कार्यालय र छिमेकी अनुसन्धान कार्यालयहरूमा सूचना आदान प्रदान गरिएको ।

९. DRI-CISको बर्तमान अवस्था

- अस्थायी चेकपोष्ट अत्तरियामा संकलन भएका विलहरू इन्ट्री हुन नसकेको । यस कार्यालयमा संकलन भएका बिलहरू इन्ट्री भैरहेको ।

१०. कार्यालयका प्रमुख समस्या र चुनौतिहरू

- अत्तरीया चेकपोष्टमा डाटा इन्ट्री हुन नसकेको,
- बर्दियाबाट सुर्खेत तर्फ जाने तथा पूर्व पश्चिम लोक मार्गमा चल्ने सवारी साधनहरू नियमित चेकजाँच हुन नसकेको,
- चक्र ब्राण्डका तेलहरू लिलाम नभै स्टोरमा रहिरहेको,
- भा.रु. ५००।- र १०००।- का नोटको अपचलनका लागि स्थानीय तहमा कारवाही गर्न नसकिएको,
- लिलाम विक्रीको सूचना राष्ट्रीय स्तरको पत्रिकामा पटक - पटक प्रकाशन गर्नको लागि अभाव हुने गरेको,
- मुगु, हुम्ला र डडेलधुरा जिल्लाहरूको स्थानीय तहमा भन्सार कार्यालयहरू नहुँदा तथा प्रभावकारी रुपमा उपस्थित नहुँदा अवैध पैठारी हुने गरेको ।

११. चुनौती

- भन्सार चोरी पैठारी भै आएका सामानहरू भण्डारण गरी राखेको सूचना प्राप्त हुँदा समेत कतिपय स्थानहरूमा सुरक्षा संवेदनशीलताले गर्दा कारवाही गर्न नसकिएको ।

१२. समाधानका लागि गरिएको प्रयास तथा सुझावहरू

- बर्दियाबाट सुर्खेत तथा पूर्वजाने सवारी साधनहर र पूर्वबाट पश्चिम तर्फ जाने सवारी साधनहरू चेकजाँच गर्न बाँकेको चप्परगौडीमा अस्थायी चेकपोष्ट स्थापना गर्न विभागमा अनुरोध गरिएको,
- चक्र ब्राण्डको तेल लिलाम गर्न विभागमा पत्राचार भएको,
- लिलाम विक्रीको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्न नपुग बजेट विभागमा माग गर्ने गरिएकोले चालु आ.व.को भन्दा थप गरी विनियोजन हुनु पर्ने,

- भारतीय रु. ५००।- र १०००।- का नोटहरू अपचलनको कारवाहीको लागि विभागमा पठाउने गरिएको भएतापनि निश्चित सिमा अर्थात ५ लाख सम्मको अधिकार प्रत्यायोजन स्थानीय तहमा भएमा काममा सहजता आउने,
- मुगु, हुम्ला र डडेलधुरा जिल्लाहरूको स्थानीय तहमा भन्सार कार्यालयहरूको प्रभावकारी उपस्थिती हुनु पर्ने ।

नेपाल सरकार

अर्थ मन्त्रालय

राजस्व अनुसन्धान विभागको सूचना

तपाईको घर-छिमेकमा राजस्व तिर्नुपर्ने दायित्व भएका व्यक्तिहरूले राजस्व नतिरेको वा छलेको सूचना पाउनु भएको छ भने तलको ठेगानामा जानकारी गराउनुहोस् । नाम र ठेगाना गोप्य राखी तपाईलाई पुरस्कृत गरिनेछ ।

राजस्व अनुसन्धान विभाग
हरिहरभवन, ललितपुर

टेलिफोन नं. १६६०-०१-५५०००
[पैसा नलाग्ने (Toll Free) नम्बर]
टेलिफोन नं. : ०१-५०१००८५, ०१-५०१००५७

इमेल : info@dri.gov.np
वेवसाइट : www.dri.gov.np
फ्याक्स नं. : ०१-५५४२०२३

अध्याय- छ

विद्यमान समस्या, चुनौती तथा समाधानका उपायहरू

६.१ विद्यमान समस्या/चुनौतीहरू

(१) कानूनी समस्या

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा समयानकूल संशोधन हुन सकेको छैन । प्रत्येक बर्षको आर्थिक ऐनबाट तदर्थरुपमा यसको संशोधन गर्ने प्रयास भइरहेको छ ।
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत नियमावली हालसम्म तर्जुमा हुन सकेको छैन ।
- भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन तथा अन्तःशुल्क ऐनको अधिकार हरेक ब्यक्ति पिच्छे अर्थ मंत्रालयबाट प्रत्यायोजन गर्नुपर्ने कारणले निर्णय प्रक्रियामा ढिलाई हुने गरेको छ ।
- विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ एवं नियमहरू २०२० समेतमा समसामयिक संशोधनको आवश्यकता रहेको छ । बि.सं. २०१९ सालमा बनेको ऐन हालसम्म कार्यान्वयनमा छ । कार्यसम्पादनको क्रममा आउने विवादहरूको यथोचित निरुपण हुन नसकि न्यायिक फैसला हाम्रो पक्षमा हुन नसकेकोअवस्था छ ।
- राजस्व चुहावटका मुद्दा विशेष अदालतमा दायर गर्ने व्यवस्था नभई जिल्ला अदालतमा दायर गर्ने व्यवस्था छ । मुद्दा फछर्यौटको कार्य तथा मुद्दाको प्रकृतीको आधारमा यस्ता मुद्दाहरू विशेष अदालतमा दायर गर्ने व्यवस्था हुनु उपयुक्त हुनेछ ।

(२) संस्थागत/संरचनात्मक समस्या

राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्न विभाग तथा क्षेत्रीय कार्यालयहरूकोसंगठनात्मक संरचना २०६७ माघ महिनामा साविक सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान विभाग हुँदा सोही अनुसार बनाइएकोमा सम्पत्ति शुद्धीकरण तर्फको छुट्टै विभाग स्थापना पछि पुनः O&M servey गरी आवश्यकता अनुसारको दक्ष जनशक्ति सहितको संरचना निर्माणको लागि अर्थ मन्त्रालयबाट सहमती प्राप्त भएको छ । विभागको आवश्यकता पहिचान गरी सोही अनुसारको संगठन संरचना र जनशक्ति ब्यबस्थापन गर्ने ठूलो चुनौती रहेको छ । कामको प्रकृती, कार्यक्षेत्र, राजस्व प्रशासनमा कर्मचारीको सरुवा प्रणाली र संगठनको आवश्यकता अनुसारको जनशक्तिको पूर्बानुमान, आपूर्ति र Retention को बिद्यमान अवस्थाको आधारमा यी चुनौतीहरूलाई Minimize गर्ने संयन्त्रको खोजी हुन सकेको छैन । विभागको हालको संगठनात्मक स्वरुप र जनशक्तिबाट विद्यमान कार्यबोझ तथा चुनौति दुबैलाई सम्बोधन गर्न सकिने अवस्था छैन । विभाग अन्तर्गत चार वटा क्षेत्रीय कार्यालय र अस्थायी चेकपोष्टहरू व्यापारिक मालवस्तुको ओसारपसारका विल विजक संकलन गर्ने र ढुवानीका साधनको छड्के चेकजांच गर्नेतथा संकलित बिलबिजकहरू DRI-CIS मा Entryगर्ने कार्यमा सिमित छन् । प्रमुख राजमार्गमा प्रत्येक दिन हजार भन्दा बढी सांख्यामा मालवाहक ढुवानीका साधन आवात जावत हुने गर्दछन । सबैको बिलबिजक संकलन तथा प्रविष्टिबाट थप अनुसन्धानको कार्य गर्न नसकिएको तीतो यथार्थ छ ।

निश्चित स्थानमा अवस्थित चेकपोष्टहरूले सबै नाकाहरूमा उत्तिकै दृष्टि पुऱ्याई अनुसन्धान कार्य गर्न सकिएको छैन । तसर्थ क्षेत्रीय कार्यालयहरूको सुझाब र आवश्यकताको आधारमा पनि थप चेकपोष्ट स्थापना गर्न सकिएको छैन । ठूला र जटिल प्रकृतिका राजस्व चुहावट सम्बन्धी सूचना संकलन र अनुसन्धानमूलक कार्यमा जनशक्ति र विशेषज्ञताको अभाब छ । क्षेत्रीय कार्यालयहरूमा रहेका ढाटहरू

२०६५ श्रावणदेखि हटाएपछि विल/विजक संकलन गर्ने तथा चेकजांच गर्ने कार्यको औचित्यता प्रमाणित हुन सकेको छैन ।

(३) मानब संशाधन विकास सम्वन्धी समस्या

विभागको समग्र उद्देश्य हासिल गर्न गतिशील साधन भनेका कर्मचारीहरू नै हुन् । अर्थ मन्त्रालय अन्तर्गतका अन्य विभागको तुलनामा यस विभागका कर्मचारीहरूलाई वैदेशिक तालीम र शिक्षाका अवसर न्यून छन् । व्यावसायिक दक्षतालाई अगाडि बढाउने, अनुसन्धान क्षमता भएका, उच्च आत्मसम्मान र मनोवलयुक्त दक्ष, सबल तथा उत्तरदायी बनाउने गरी मानब संसाधन विकास हुन सकेको छैन । अर्थ मन्त्रालय अन्तर्गतका आन्तरिक राजस्व विभाग र भन्सार विभागबाट यस विभागमा कर्मचारीहरू सरुवा भई आउने ब्यबस्था छ । निजामति सेबा ऐन नियमावली अनुसार २ बर्षको लागि आन्तरिक राजस्व र भन्सार विभागबाट सरुवा भई आउने र जाने प्रथाले यो विभाग एउटा Platform जस्तो भएको छ । संगठनको आवश्यकता र उद्देश्य अनुरुपको जनशक्ति विकास गर्ने समस्या बिद्यमान रहेको अवस्थामा तालिम र क्षमता विकास गरिएको जनशक्ति बाहिरिने प्रबृतिले विभागले आवश्यकतानुरुपको Cadre को विकास र retain गर्न सकिएको छैन । राजस्व चुहावट तथा आर्थिक अपराधका तौर तरीकाहरूमा आएको परिवर्तन र प्रविधिमा आएको विकासका कारणले पनि विभागमा अनुसन्धान कार्यका लागि आवश्यक विज्ञ/विशेषज्ञ कर्मचारीको खाँचो देखिन्छ । राजस्व चुहावट ऐनमा भएको ब्यबस्था अनुरुपको विज्ञहरूको सेवालाई करारमा लिई अनुसन्धान कार्यलाई थप प्रभावकारी र नतिजामुखी बनाउने ध्यान पुग्न सकेको छैन ।

(४) सूचना प्रणाली सम्बन्धी समस्या

राजस्व चुहावट नियन्त्रण गर्ने संवेदनशील कार्यको लागि भरपर्दो सूचना संयन्त्रको आवश्यकता पर्छ । तर हालसम्मको अवस्थालाई हेर्दा प्रभावकारी सूचना प्रणालीको विकास र प्राप्त सूचनाको उपयोगपूर्ण रुपमा हुन सकेको छैन । क्षेत्रीय कार्यालय र चेकपोष्टमा DRI-CIS मा प्रबिष्टि भएका वील विजकहरूलाई चुहावट नियन्त्रण तथा अनुसन्धानको लागि सूचना र प्रमाणको आधार बनाउनु पर्नेमा अभिलेख तथा विश्लेषणको पूर्वाधारको अभावमा सो हुन सकेको छैन । अन्य सरकारी निकाय र निजी क्षेत्रहरूबाट नियमित रुपमा सूचना प्राप्त गर्ने उपयुक्त सूचना सञ्जालको विकास गर्न आवश्यक छ । क्षेत्रीय कार्यालयहरूमा प्राप्त बीलबिजकहरूलाई DRI-CIS मा entry गर्ने प्रयोजनको लागि करिब २० जना कम्प्यूटर अप्रेटर करारमा लिई कामकाज गरेको भएतापनि त्यसको उपलब्धी र सान्दर्भिकता पुष्टि हुन सक्ने नतिजा प्राप्त हुन सकेको छैन । आन्तरिक राजस्व विभागको Pro-tax, भन्सार विभागको Asycuda र राजस्व अनुसन्धान विभागको DRI-CIs बीच आपसमा link गरी सूचना प्रणालीको उपयोग गर्ने संयन्त्रको विकास हुन सकेको छैन ।

(५) संगठनात्मक समस्या

विभाग र मातहतमा ४ वटा क्षेत्रीय कार्यालयहरू तथा चेकपोष्ट समेतको संरचना रहेको छ । भौगोलिक रुपमा ठूलो क्षेत्रलाई यहि संरचना र जनशक्तिले Coverage गर्न गाह्रो भएको अवस्थामा देखिएका संगठनात्मक समस्याहरू देहाय बमोजिम छन्:

- संगठनात्मक स्वरुप अनुसन्धानमूलक एवं कार्यमूलक छैन ।
- विशेषज्ञतामा आधारित अधिकृतमूलक संरचनाको अभाव रहेको छ ।
- भौगोलिक तथा कार्यमूलक रुपमा चुहावटका सम्भाब्य क्षेत्रको पहिचान गरी सोको रोकथामका लागि रणनीतिक रुपमा जान सकिएको छैन ।

- अनुसन्धानमा भन्दा चेकपोष्ट केन्द्रित तल्लो तहका कर्मचारीहरू संख्यात्मक रुपमा बढी रहेको र यसबाट सूचनाको दुरुपयोग हुने सम्भावना रहको ।
- विभाग र मातहत क्षेत्रीय कार्यालयहरूको कार्यालयको उपयुक्त भौतिक संरचनाको अभाव छ ।
- कार्यालयहरूमा पर्याप्त फर्निचर फर्निसिंग र अन्य उपकरणको अभाब छ ।

(६) प्रकृयागत समस्या

- राजस्व अनुसन्धान विभागको उद्देश्य अनुरुप बढी भन्दा बढी राजस्व परिचालनमा सहयोग पुग्ने गरी चुहावट नियन्त्रण तथा आर्थिक अपराधहरूको रोकथाम गर्ने दूरगामी सोचको अभाव रहेको देखिन्छ ।
- कार्यमूलक संगठनात्मक संरचना बनाई अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन नसकिएको स्थिति छ ।
- आर्थिक क्षेत्रका जटिल प्रक्रिया, व्यापारिक छल, अन्तर्राष्ट्रिय व्यापार, लेखा प्रणालीको ज्ञान र कर योजना अनुरुप गरिएको राजस्व चुहावट पत्ता लगाई नियन्त्रण गर्ने कार्यबिधि , प्रकृया र जनशक्तिको विकास भएको छैन ।
- भन्सार, आयकर, मू. अ. कर, अन्तःशुल्कका क्षेत्रमा भएका राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण गर्ने स्पष्ट कार्य प्रकृयाको अभाव छ ।
- न्यून मूल्याङ्कन र न्यून विजकीकरणका कारण व्यापार व्यवसायमा परेको नकारात्मक असरको सम्बोधन गर्न सकिएको छैन ।
- सूचना र सुराकीको गम्भीरताको आधारमा प्राप्त सूचनाको बिश्लेषण गरी दक्ष अनुसन्धान अधिकृत तोकि निर्धारित समयमा कार्य सम्पादन गर्नुपर्ने ब्यबस्थित प्रक्रियाको अभाब छ ।
- अर्थ मन्त्रालय तथा अन्यOversight agencyबाट प्राप्त उजुरीको अनुसन्धान, तहकिकात र सोको एकिकृत Inventoryअभाब छ ।

(७) स्रोत साधन सम्बन्धी समस्या

अर्थ मन्त्रालय अन्तर्गतका अन्य विभागहरूको तुलनामा यस विभागमा आवश्यकश्रोत साधनको अभाब रहेको छ । विभागको नाममा बिनियोजित बजेटबाट राजस्व प्रहरीको रुपमा परिचालित शसस्त्र प्रहरीको समेत Logestic management गर्नु परेको छ । श्रोत साधन सम्बन्धी समस्याहरू देहाय बमोजिम छन् :

- पुरानो र जीर्ण भौतिक संरचनाको कारण अभिलेख ब्यबस्थापन ,पुस्तकालयको अभाब रहनु ।
- पर्याप्त बजेट र सवारी साधनको अभाब तथा यस विभागसंग अन्य निकायले समय समयमा सवारी साधन र इन्धन माग गर्ने कारणले थप समस्या देखिएको छ ।
- सूचना प्रविधिको पर्याप्त प्रयोग हुन नसक्नु,
- विशिष्ट योग्यता, अनुभव, सिप, क्षमता र तालीम प्राप्त मानव संसाधनको निरन्तर विकास र उपयोगको योजना तथा कार्यक्रमको अभाव हुनु,
- विभाग र अन्तर्गत कार्यालयका कर्मचारीहरूको कार्यप्रकृति हेर्दा जुनसुकै समयमा पनि कार्यालयको काममा खटिनु पर्ने सो अनुरुपको उत्प्रेरणाको अभाब हुनु ।
- कर्मचारीहरूलाई आन्तरिक एवम् वाह्य तालिम एवं अध्ययनको अवसर नहुनु ।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागूनहुनु ।
- विभागबाट सम्पादन हुने हरेक कामकारबाहीमा अन्य निकायको निरन्तर दवाब रहनु ।

६.२ समस्यासमाधानका उपायहरू

कार्यसम्पादनको क्रममा देखिएका उल्लिखित समस्याहरूको निदानको लागि राजस्व अनुसन्धान विभागको आधुनिकीकरण तथा सुधारको कार्य योजना सहितको प्रस्ताब अर्थ मंत्रालयमा पेश गरिएको छ । अर्थ मन्त्रालयको समन्वय र सक्रियतामा अन्य विभागहरूसंग सहकार्य गरी बिद्यमान कानूनी, सगठनात्मक, संरचनात्मक तथा श्रोत साधन सम्बन्धी समस्याहरू समाधानको लागि देहायका उपायहरू अवलम्वन गर्नुपर्ने देखिन्छ :

- राजस्व चुहावट नियन्त्रण ऐन २०५२, बिदेशी बिनिमय (नयमित गर्ने ऐन २०१९ तथा नियमहरू २०२० लाई समसामयिक रुपमा संशोधन तथा राजस्व चुहावट नियमावलीको तर्जुमा गरी लागू गर्ने।
- भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन तथा अन्तःशुल्क सम्बन्धी ऐनको अधिकार सम्बन्धित ऐनमा नै राजस्व अनुसन्धान विभागले समेत प्रयोग गर्न पाउने कानूनी ब्यबस्था गर्ने ।
- राजस्व अनुसन्धान विभागको बर्तमान संगठन संरचनाई समसामयिक रुपमा आवश्यक जनशक्तिको बास्तविक पूर्बानुमान गरी पुनसंचरना गर्नुपर्ने ।
- विभाग र मातहतका कर्मचारीहरूको गुणात्मक अनुसन्धान गर्ने क्षमता एवं दक्षता अभिवृद्धि गर्ने गरी तालिम, प्रशिक्षण, गोष्ठी, सेमिनार तथा अध्ययन अवलोकनका अवसरहरू उपलब्ध गराउनु पर्ने ।
- विभागको DRI-CIS लाई सुदृढीकरण र उपयोग गरी सूचनामा आधारित अनुसन्धान, तहकिकातर अनुगमन प्रणाली विकास गर्नुपर्ने ।
- विभाग, क्षेत्रीय कार्यालयहरू र चेकपोष्टमा CC Camera जडान गरी विभागबाट Online अनुगमन गर्ने प्रणालीलाई निरन्तरता दिनुपर्ने ।
- सुराकी परिचालन कार्यलाई बैज्ञानिक र पारदर्शी बनाउन सुराकी परिचालन कार्य विधि, २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- कार्य सम्पादन प्रक्रियालाई पारदर्शी र नतिजामुखी बनाउने उद्धेश्यले ब्यबस्थित Work flow chart सहितको अभिलेख प्रणाली विकास गर्ने कार्यको शुरुवात भएको ।
- अन्तर निकाय समन्वय कायम गरी अन्तरबिभागिय एकिकृत सूचना संजाल बनाउनु पर्ने ।
- विभाग र मातहतका कार्यालयको संस्थागत र Logistic को पाटोमा सुधार गर्ने । कार्यालय भवन, यार्ड, गोदाम घर, सवारी साधन, राजस्व प्रहरी ओसारपसार गर्ने गाडी र अन्य भौतिक पूर्वाधारको यथेष्ट व्यवस्था गर्नुपर्ने ।
- विभागको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, नतिजाहरू र आवश्यक रणनीति, कार्यनीति अनुरुप कार्य सम्पादन पद्धति विकास गर्ने ।
- राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रण गर्न र विभागमा बहु सेवा, बहु समूह र बहु सीपयुक्त जनशक्ति हुन जरुरी छ । राजस्व समूह अन्तर्गत अनुसन्धान उपसमूह राख्नेसाथै अन्य क्षेत्रबाट सेवा करार वा काजमा ल्याएर विविध क्षत्रका विज्ञहरूबाट गुणस्तरीय अनुसन्धान तथा तहकिकातका कार्य गर्नुपर्ने ।
- राजस्व चुहावटको प्रकृती र यसको गाम्भीयतालाई हेर्दा मौजुदा सांगठनिक संरचना र जनशक्तिले अपेक्षित नतिजा दिन नसक्ने भएकोले उद्देश्य मुताविकको संगठन संरचना र जनशक्ति विकास गर्नुपर्ने ।

खण्ड – सात

विभागको भावी कार्यदिशा

७.१ अर्थतन्त्रको बिद्यमान अवस्था

नेपालको अर्थ व्यवस्था आर्थिक क्रान्तिको संघारमा छ । नेपालको अबस्थिति तथा भौगोलिक अवस्थाले विकासका सम्भाबनाहरूलाई सिमित गरिदिएको छ । आर्थिक विकासको तत्कालिन आधार भनेको कृषिलाई आधुनिकीकरण गरी ब्यबसायिक बनाउने,पर्यटन क्षेत्रको सम्भाबनाहरूको उजागर गर्ने तथा प्राकृतिक श्रोतसाधनरुको महत्तम उपयोग नै हुन । बर्तमान समयमा सेवा व्यवसाय, आवास र निर्माण वीमा एवं बैंकिङ्ग जस्ता क्षेत्रहरूको उदय भएको छ । नेपालको उत्तर तर्फ बिश्वको दोस्रो ठूलो औद्योगिक राष्ट चीन तथा दक्षिणमा बिशाल अर्थतन्त्र भएको मूलुक भारतको अबस्थितिले गर्दा औद्योगिक विकासले त्यति गति लिन नसक्ने अवस्था बिद्यमान छ । नेपालको सामु यस्तो आर्थिक संरचना भएको कारणले राजस्वको आधार (Base) लाई बढी फराकिलो बनाउन नसकिएको हो । व्यापार क्षेत्र विशेषतः आयात व्यापारमा भएको वृद्धिको कारणले पनि सरकारको राजस्वको आधार र आकारमा परिवर्तन आउने गरेको छ ।

जब जब राजस्वका आधारहरू परिवर्तन हुन्छन्, तव तव राजस्व चुहावटका नविनतम शैलीहरू पनि देखा पर्न थाल्दछन् । परम्परागत रुपको चुहावट नियन्त्रण शैलीले परिवर्तित अवस्थामा सो को नियन्त्रण गर्ने पक्षलाई संबोधन गर्न नसक्ने भएकोले राजस्व अनुसन्धान विभागले आफ्नो सोच, दृष्टिकोण, रणनीति एवं कार्यशैलीमा समयानुकुल परिबर्तन गर्नुपर्ने हुन्छ । संस्थागत सुदृढीकरण, स्पष्ट कानूनी प्रावधानहरू, रणनीतिहरू र मानव संशाधनलाई पनि सोही अनुसार परिमार्जन गर्दै लानु पर्ने हुन्छ । समग्रमा अबको राजस्व अनुसन्धान विभागले परम्परागत रुपमा मात्र हैन अर्थ मन्त्रालय अन्तर्गतका अन्य विभागहरूसंगको सूचनाको संजाललाई उपयोग गरी गैर स्थलगत सूचना संकलन, विश्लेषण र सोही अनुसारका कार्यनीति अवलम्वन गर्नुपर्ने हुन्छ ।

राजस्व अनुसन्धान विभागलाई कर राजस्व, गैरकर राजस्व चुहावट नियन्त्रणको साथै विदेशी विनिमय अपचलनको जिम्मेवारी रहेको छ । साथै विभागलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अनुसन्धान गर्ने जिम्मेवारी पनि थपिएकोमा नेपाल सरकार(म.प.)को मिति २०६८।३।१ को निर्णय अनुसार छुट्टै विभाग स्थापना भएकोले हाल उक्त कार्य सोही विभागबाट सम्पन्न भएको छ । त्यसै गरी विविध प्रकारले हुने अन्य आर्थिक अपराध नियन्त्रण कार्यमा पनि विभागले नेतृत्वदायी भूमिका खेल्नुपर्ने भएको छ ।

७.२ विभागको भावी कार्यदिशा

“आर्थिक अपराध मुक्त क्षेत्र र राजस्व अभिवृद्धिको वातावरणउच्च, फराकिलो एवं दिगो अर्थतन्त्रको विकासमा योगदान ।” विभागको दिर्घकालिन सोच रहेको छ । यस अभियानलाई साकार पार्ने प्रयास स्वरुप विभागले आफना गतिविधिहरू संचालन गरिरहेको छ । अर्थतन्त्रको संरचनात्मक परिवर्तन, राजस्वको आधार, आकार र प्रवृतिमा आएको परिवर्तन एवं राजस्व चुहावटका नवीनतम शैली र प्रवृत्तिहरूलाई समयमा नै सम्बोधन गर्न अब राजस्व अनुसन्धान विभागको आधुनिकीकरणतथा सुधारको एजेण्डा प्रस्तुत गरिएको छ । राजस्व चुहावटजन्य गतिविधिलाई नियन्त्रण गरी आफनो कार्यसम्पादनमा उत्कृष्टता हासिल गर्ने प्रथम प्रयासको रुपमा आन्तरिक राजस्व विभाग, भन्सार विभाग, सम्पत्ति

शुद्धीकरण अनुसन्धान विभाग बीच आपसी समन्वय र सूचनाकोएकिकृत संजाल स्थापना गरी कार्यप्रणालीलाई ब्यबस्थित गर्ने कार्यको शुरुवात गरिएको छ । सुशासन तथा सेवा प्रबाहलाई जनताको आवश्यकता अनुसार समय, लागत, गुणस्तरको दृष्टिले उपयुक्त खालको संयन्त्र स्थापना गरी तत्काल देहाय बमोजिमका सुधार कार्य गर्ने विभागको भाबी सोच रहेको छ ।

(क) राजस्व चुहावटका नवीन क्षेत्रहरूको पहिचान र नियन्त्रणका सम्भाब्य उपाय पहिचान

अर्थतन्त्रको संरचनात्मक परिवर्तन, सूचना प्रविधिको क्षेत्रमा भएको विकास तथा राजस्व चुहावटजन्य गतिविधिमा संलग्न ब्यक्ति तथा समूहको सक्रियता तथा चुहावटको शैली र तरीकामा आएको परिबर्तनले समग्र राजस्व प्रशासनमा चुनौती थपिएको छ । राजस्व अनुसन्धान विभागले यी चुनौतीहरूको समयमा नै निदान गरि समसामयिक रणनीतिहरू चाल्नु पर्ने आवश्यकता देखिएको छ । विभाग र मातहतका कार्यालयहरूमा कार्यरत जनशक्तिलाई समयानुकुल अनुसन्धान सम्बन्धी राष्ट्रिय तथा अर्न्तराष्टिय स्तरका तालिम तथा गोष्ठीहरूमा सहभागी गराई क्षमता विकास गर्ने, आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा सम्पती शुद्धीकरण विभाग बीच आपसी समन्वय, सहकार्य र सूचनाको अधिकतम आदानप्रदान तथा प्रयोग, अन्य सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, मिडिया जगत र सूचनादाताको ब्यबस्था तथा संरक्षण गरी यस्ता नविन क्षेत्रको पहिचान र प्रतिवेदन तयारीको कार्य भइरहेको छ साथै यसलाई समसामयिक बनाँउदै लैजाने विभागको भाबी कार्यक्रम रहेको छ । यस अभियानलाई सार्थक बनाउन सबैको सहयोगको अपेक्षा गरिएको छ ।

(ख) कार्यसंचालन निर्देशिका (Standard Operating Procedure) को तयारी ।

राजस्व अनुसन्धान विभागबाट सम्पादन हुने कार्यहरूलाई थप बैज्ञानिक,पारदर्शि र अभिलेखबद्ध गर्ने उद्देश्यले हालै विभागले Work Flow Chart बनाई तदनुरुप कार्य संचालन गरिरहेको छ । यसलाई थप सरल र सहज बनाई सम्पूर्ण गतिविधिहरूको बैज्ञानिक अभिलेखांकन गरी थप अध्ययन अनुसन्धान गर्ने कार्यमा समेत सहयोग पुगोस भन्ने उद्देश्यले Work Flow Chart लाई Elaborate गरी कार्यसंचालन निर्देशिका बनाउने कार्यको शुरुवात भएको छ । राजस्व चुहावट नियमावली स्वीकृत भएपछि यसले अन्तिम रुप लिनेछ ।

(ग) Frequently ask Question bank लाई अद्यावधिक गर्ने ।

विभागले प्रशासन गर्ने ऐन/नियमावली/कार्यबिधि /निर्देशिका तथा समग्र कार्यसम्पादनको सम्बन्धमा सेवाग्राही तथा सरोकारवाला ब्यक्ति तथा निकायहरूबाट बारम्बार सोधिने प्रश्न र तिनको सरल भाषामा उत्तर तयार गरी विभागको website मा राखिएको छ । यसले गर्दा सर्बसाधारणदेखि सरोकारवाला सबैले आफ्नो जिज्ञासाको लागि सम्बन्धित ब्यक्ति तथा निकायमा धाउनु पर्ने वा कुनै परामर्शदाताको सहयोग लिइरहनु पर्ने छैन । विभागको अधिकार क्षेत्र, सम्पादन गर्ने कार्यहरू, सोको कानूनी आधार जिम्मेवार ब्यक्ति आदिको बारेमा तथा बेलाबेलामा आईपर्ने ससाना समस्या समाधानको लागि यो प्रयास धेरै उपयोगी हुनेछ । साथै यसलाई आवश्यक परिमार्जन गरी समसामयिक बनाउँदै लगिने छ ।

(घ) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावलीको कार्यान्वयन

राजस्व चुहावट ऐन बनेको करिब सोह्र बर्ष बितिसक्दा पनि सोको नियमावली बन्न सकेको छैन । ऐनलाई पनि समसामयिक बनाउन नसक्नु तथा ऐनमा भएका अस्पष्ट प्राबधानहरूको सरलीकरण गर्ने नियमावली नहुँदा यस विभागको कार्य सम्पादनमा समय समयमा कठिनाईहरू आउने प्रबृति त नियती जस्तै भएको छ । यही समस्यालाई सम्बोधन गर्ने उद्देश्यले आ.ब ०६८।६९ को बजेट बक्तब्यमा यसै

आ.ब.मा राजस्व चुहावट नियमावली तर्जुमा गरी लागू गरिनेछ भन्ने व्यबस्था मुताविक राजस्व चुहावट नियमावली,२०६८ को मस्यौदा तयार गरी स्वीकृतीको लागि अर्थ मन्त्रालय मार्फत पेश भई सकेको छ । नेपाल सरकार मन्त्रिपरिषदबाट उक्त नियमावली स्वीकृत भई आएमा विभागले नियमावलीको अभावमा भोग्नु परेको समस्याहरू समाधान हुनेछन् ।

(ङ) सुराकी खर्च परिचालन कार्यबिधि, २०६८ को कार्यान्वयन ।

राजस्व चुहावटमा संलग्न बिभिन्न ब्यक्ति तथा निकायहरूको बारेमा विभागलाई सूचनाहरू बिभिन्न माध्यमबाट उपलब्ध हुन्छन । यी सूचनाहरूको संकलन तथा बिश्लेषण गरी विभागले आफनो कार्यक्षेत्र र निर्धारित परिधि भित्र रही अनुसन्धान गरी चुहावट नियन्त्रण गर्ने कार्य गर्दछ । सूचना दिने ब्यक्ति/निकाय/सुराकीलाई सुराकी खर्च दिने स्पस्ट आधार नभएको हुँदा ऐनको दफा ३०(क) को अधिकार प्रयोग गरी सूचनाको सत्यताको आधारमा कस्तो सूचनालाई कति सुराकी खर्च दिने भन्ने समस्या समाधानको लागि विभागले हालै सुराकी खर्च परिचालन कार्यबिधि,२०६८ बनाई स्वीकृत गरेको छ । अब उप्रान्त प्राप्त हुने सुराकीको लगत राखी कार्यविधिमा उल्लेख भए बमोजिमको सुराकी खर्च दिने कानूनी आधार तय भइसकेकोले विभागको भावी कार्यसम्पादन थप सरल, सहज र प्रभावकारी हुनेछ । साथै सुराकीको विभागप्रतिको बिश्वसनियतामा अभिवृद्धि हुनेछ । यसलाई सरोकारवालाको सल्लाह, सुझाब र विभागको पृष्ठपोषणको आधारमा थप परिमार्जित तथा परिस्कृत गर्दै लैजाने विभागको भावी सोच रहेको छ ।

(च) मालबस्तुको ओसारपसार तथा चेकजाँच सम्बन्धी जानकारी पुस्तिका, २०६८ को तयारी र कार्यान्वयन

राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान कार्यमा कार्यरत निकायहरू भन्सार, आन्तरिक राजस्व र राजस्व अनुसन्धान विभाग तथा सुरक्षाकर्मीका काममा सहजीकरण तथा समन्वय गर्ने सिलसिलामा तत सम्बन्धी कार्यमा संलग्न निकायको काम कर्तब्यका बारेमा सबैलाई जानकारी गराउने उद्देश्यले विभागले यस्तो पुस्तिका तयार गरि लागू गरेको छ । कुनै पनि ब्यक्ति वा निकायले मालबस्तुको आन्तरिक ओसारपसार तथा भन्सार जाँचपास पश्चात छाडिएका मालवाहक सवारी साधनहरूको राजमार्गमा चेकजाँच गर्दा हेर्नु पर्ने मुख्य मुख्य बिषयहरू उल्लेख गरिएको छ । चेकजाँचको क्रममा शंकास्पद बिलबिजकका देखिएको अवस्थामा नजिकको क्षेत्रीय कार्यालय तथा चेकपोष्टमा बुझाउनु पर्ने लगायतका बिषयहरू उल्लेख गरिएको छ । यो पुस्तिकाको प्रयोगबाट ब्यबसायीहरूले राजमार्गमा भोग्नु परेका कठिनाईहरूमा कमी आउने र चुहावट नियन्त्रण कार्यमा सहयोग पुगी Doing Business Cost समेत घट्ने छ ।

(छ) विभागबाट क्षेत्रीय कार्यालय तथा चेकपोष्टको Online Monitoring ब्यबस्थाको निरन्तरता

कम समय, श्रोतसाधन र लागतमा आधुनिक प्रविधिको उपयोग गर्न सक्षम संगठनको उत्पादकत्व तुलनात्मक रुपमा बढी नै हुन्छ । राजस्व अनुसन्धान विभागले प्रविधिमा आधारित अन्य Tools को अलावा मातहत क्षेत्रीय कार्यालय र चेकपोष्टहरूमा CC camera मार्फत ती निकायका गतिविधिहरू बिभागबाट नियमित र प्रत्यक्षरुपमा अनुगमन गर्ने प्रयोजनको लागि हाल सबै क्षेत्रीय कार्यालय (बुटवलको Link हुन बाँकी) र थानकोट, धुलिखेल चेकपोष्टमा CC camera जडान गरी प्रत्यक्ष अनुगमनको कार्य भइरहेको छ । यसबाट संकलित सूचनाको आधारमा क्षेत्रीय कार्यालय र चेकपोष्टहरूमा आवश्यक सुधारका कार्यहरू गर्न सहयोग पुग्नेछ ।

(ज) DRI-CIS को Upgrading कार्य

राजस्व अनुसन्धान विभागको अबको कार्यनीति प्रविधिको प्रयोग गरी गैर स्थलगत सूचना संकलन र विश्लेषणका साथ कार्यक्षेत्रमा अगाडी बढ्नु हो । DRI-CIS प्रणालीले विभिन्न क्षेत्रीय कार्यालयहरू र चेकपोष्टहरू मार्फत आयात-निर्यात र ओसार-पसार भएका मालबस्तुहरूको केन्द्रीय सूचना संकलन र विश्लेषण प्रणालीलाई समेटेको छ । भन्सार विभाग, आन्तरिक राजस्व विभाग र सम्पत्ति शुद्धीकरण विभागसंग पनि एक आपसमा सूचना आदान-प्रदान गर्न सकिने प्रणाली स्थापना भएमा राजस्व चुहावट नियन्त्रणमा ठूलो फड्को मार्न सकिने देखिएको छ । यो प्रणालीमा प्रबिष्टी गरिएका सूचनाहरूको आधारमा बिभिन्न प्रयोजनको लागि आवश्यक पर्ने Report Generate गर्न सक्ने, मातहतका कार्यालयहरूलाई समेत यसको Access दिई सूचनाको बहुउपयोग गर्ने तथा आन्तरिक राजस्व कार्यालयहरूको पूर्ण कर परीक्षणमा समेत यी तथ्यांकको प्रयोग गर्न सक्ने गरी Link स्थापना गर्ने, भन्सारको Asycuda System बाट सिधै पैठारीकर्ताको Status DRI-CIS मा Link गर्ने प्रविधिको विकासगर्नुको साथै राजस्व चुहावट तथा चोरी पैठारी नियन्त्रण गर्ने उद्देश्यले आ.ब. ०६८।६९ को बजेट बक्तब्यमा मालबस्तुको आन्तरिक ओसारपसार प्रक्रियालाई थप बैज्ञानिक बनाई स्वच्छ ब्यबसायलाई प्रोत्साहन पुग्ने गरि विद्युतीय माध्यमबाट अनुगमन हुने गरी सवारी साधनको आन्तरिक ओसारपसार गर्ने प्रणाली लागु गर्ने प्रतिबद्धता अनुरुप परामर्शदाताबाट सोको Software तयार भई मन्त्रालय तथा आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागमा प्रस्तुतीकरण भएको छ । साथै आ.व. ०६९/७० को माघ महिनादेखि सबै मालवाहक ढुवानीका साधनहरूको web-based monitoring गर्नुको साथै vehicle tracking device समेत जडान गर्ने कार्यक्रम रहेको छ । यसबाट विभिन्न स्थानबाट प्रत्येक दिन छुटेको मालवाहक ढुवानी साधनहरूको विद्युतीय माध्यमबाट अनुगमन गरी विभागले आफ्नो अनुसन्धान तथा नियन्त्रणका गतिविधी सहज रुपमा संचालन गर्न सक्नेछ । यसको कार्यान्वयन पछि एउटै बीलबाट बारम्बार सामान ल्याउने,सवारी साधनहरू बाटोमै हराउने तथा चोरी पैठारी जस्ता गतिविधिहरू निरुत्साहित हुनेछन् र विभागको अनुसन्धान तथा नियन्त्रण कार्यमा सरलता आउनेछ ।

(झ) गस्ती परिचालन गर्ने

काठमाण्डौ उपत्यका र यसको उत्तरी क्षेत्र तथा काठमाण्डौ उपत्यका बाहिर नियमित रुपमा गस्ती परिचालन, राजमार्ग गस्ती साथै बजार अनुगमन कार्यलाई निरन्तरता दिई राजस्व चुहावटजन्य गतिविधिमा नियन्त्रण ल्याइनेछ ।

अनुसूचीहरू

नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्वअनुसन्धान विभाग

विदेशी विनिमय मुद्दा दायर विवरण
२०६८/६९

सि.नं.	जाहेरवाला र मिति	प्रतिवादी	विदेशी विनिमय	नेपालीमा विगो	दायर मिति र अदालत	कैफियत
१	प्रहरी प्रतिवेदन २०६७।२।२५	सीता कार्की समेत	,,	रु.२४,७२६।-	२०६८।४।११ काठमाडौ जिल्ला अदालत	
२	जिल्ला प्रहरी कार्यालय रुपन्दही २०६७।५।२	सुमन श्रेष्ठ समेत	भा.रु. ५००। दरका जम्मा भा.रु.१,५०,०००।	रु.२,४०,०००।-	२०६८।७।१३ रुपन्दही जिल्ला अदालत	
३	महानगरीय प्रहरी अ.विमानस्थल सुरक्षा गार्ड कार्यालय,गौचर २०६७।५।१३	प्रकाश शान्तिलाल शाह	अ. डलर ९८६८। केन्या ३६००। मौरीसस २५०।	रु.७,४३,१४३।१६	२०६८।४।११ काठमाडौ जिल्ला अदालत	
४	महानगरीय प्रहरी वृत्त, वौद्ध २०६७।५।२७	सुब्बा तामाङ्ग समेत	अ. डलर १००।	रु.७,४४५।-	२०६८।४।३२ काठमाडौ जिल्ला अदालत	
५	जिल्ला प्रहरी कार्यालय,महोत्तरी २०६७।६।६	श्यामकाजी लामा समेत	अ. डलर ५०१।	रु.३६,७३८।३३	२०६८।८।१५ महोत्तरी जिल्ला अदालत	
६	जिल्ला प्रहरी कार्यालय,मोरङ्ग २०६७।७।१८	उमाशंकर भगत	भा.रु. ५००। दरका जम्मा भा.रु.२,९१,०००।	रु.४,६६,०३७।-	२०६८।९।२० मोरङ्ग जिल्ला अदालत	
७	जिल्ला प्रहरी कार्यालय,बागलुङ्ग २०६७।६।६	हिरालाल कर्ण समेत	भा.रु.३,२५,०००।	रु.५,२४,८७५।	२०६८।७।६ बागलुङ्ग जिल्ला अदालत	
८	जिल्ला प्रहरी कार्यालय,काभ्रेपलान्चोक २०६७।११।३	राजु राउत समेत	अ. डलर १८७।	रु.१३,६६०।-	२०६८।६।१० काभ्रेपलान्चोक जिल्ला अदालत	
९	जिल्ला वन कार्यालय,ललितपुर २०६८।१।२०	मेष वहादुर श्रेष्ठ	अ. डलर ८। सउदी १। पाउण्ड ५। कतारी रियल ५। कुवेती दिनार १। हङ्ककङ्ग डलर १०। मलेसियन रिंगिट १।	रु.१,३९६।३६	२०६८।५।८ ललितपुर जिल्ला अदालत	
१०	महानगरीय प्रहरी परिसर, काठमाडौ २०६७।४।५	ऐते तामाङ्ग	अ. डलर १। सिंगापुर डलर १। अफगान मुद्रा ११०।	रु.१३१।१५	२०६८।४।३२ काठमाडौ जिल्ला अदालत	
११	जिल्ला प्रहरी कार्यालय,स्यांजा २०६७।१०।२९	सुक वहादुर वि.क.	भा.रु. ९९,०००।	रु.१,५८,५४८।५०	२०६८।७।७ स्यांजा जिल्ला अदालत	
१२	जिल्ला प्रहरी कार्यालय,बागलुङ्ग २०६८।३।१२	गुरु वहादुर वि.क	भा.रु.३,९७,५००।	रु.६,३६,०००।-	२०६८।७।६ बागलुङ्ग जिल्ला अदालत	
१३	ईलाका प्रहरी कार्यालय, सिन्धुपाल्चोक २०६८।३।२९	कृष्ण वहादुर सुनार	अ. डलर ५१५।	रु.३६,९७७।-	२०६८।६।९ सिन्धुपाल्चोक जिल्ला अदालत	
१४	जिल्ला प्रहरी कार्यालय,कास्की	गंगा वहादुर थापा समेत	अ. डलर ३५६।	रु.२५,३८२।८०	२०६८।११।१९ कास्की जिल्ला	

	२०६८।४।८				अदालत	
१५	जिल्ला प्रहरी कार्यालय,सुर्खेत २०६८।४।१२	सोनाम तामाङ्ग समेत २	चाईनिज यूआन १,८५,२००। चाईनिज यूआन ७७,५३०।	रु.२०,३३,४९६। रु.८,५१,२९४।४०	२०६८।६।३ सुर्खेत जिल्ला अदालत	
१६	महानगरीय प्रहरी प्रभाग जनसेवा, काठमाडौ २०६८।४।२०	शिवनारायण दास	भा.रु.२,१९,५००।	रु.३,५१,२००।	२०६८।१२।२९ काठमाडौ जिल्ला अदालत	
१७	महानगरीय प्रहरी वृत्त,ठिमी,भक्तपुर २०६८।४।२२	दिपक लामा	अ. डलर ३३०।	रु.२५,१८२।३०	२०६८।१२।२९ काठमाडौ जिल्ला अदालत	
१८	ईलाका प्रहरी कार्यालय, काकडभिट्टा,झापा २०६८।४।२३	चन्द्र प्रसाद तिम्सिना समेत	भा.रु.४९,०००।	रु.७८,४७३।५०	२०६८।११।९ झापा जिल्ला अदालत	
१९	जिल्ला प्रहरी कार्यालय,मोरङ्ग २०६८।४।२७	रमेश कुमार मंडल समेत	भा.रु.२,२८,०००।	रु.३,६४,८००।	२०६८।९।२० मोरङ्ग जिल्ला अदालत	
२०	महानगरीय प्रहरी अ.विमानस्थल सुरक्षा गार्ड कार्यालय,गौचर २०६८।४।२७	चाईनिज नागरिक Deng Shiwu समेत	वरामद ने.रु.३१,१३,०००।	रु.३१,१३,०००।	२०६८।५।१८ काठमाडौजिल्ला अदालत	
२१	महानगरीय प्रहरी वृत्त, वौद्ध २०६८।५।१	वल वहादुर तामाङ्ग समेत	अ. डलर १९८।	रु.१४,४३४।२०	२०६८।१२।१३ काठमाडौ जिल्ला अदालत	
२२	महानगरीय प्रहरी वृत्त,वानेश्वर २०६८।५।११	Canadian नागरिक Xie Jing Feng Rechard	हङ्ककङ्ग डलर ४०,०००। ने.रु.४,०००।	रु.४,१०,४००।	२०६८।१२।३० काठमाडौजिल्ला अदालत	
२३	महानगरीय प्रहरी वृत्त, वौद्ध २०६८।६।२९	रमेश लामा समेत	अ. डलर ५५०।	रु.४३,३४०।	२०६८।१२।३० काठमाडौ जिल्ला अदालत	
२४	राजस्व अनुसन्धान वुटवल २०६८।८।७	रवि प्रकाश गुप्ता समेत	भा.रु.२,९९,५००।	रु.४,७९,६४९।	२०६९।१।२७ कपिलवस्तु जिल्ला अदालत	
२५	महानगरीय प्रहरी परिसर, काठमाडौ २०६८।८।११	पाकिस्तानी नागरिक सुधीर	अ. डलर ५२००।	रु.४,३५,५००।	२०६८।१२।२९ काठमाडौ जिल्ला अदालत	अन्य २जना लाई मुद्दा नचलाउने
२६	ईलाका प्रहरी कार्यालय, काकडभिट्टा,झापा २०६८।८।२६	रामनिवास अग्रवाल	भा.रु.१,९५,५००।	रु.३,१३,०९३।	२०६९।२।११ झापा जिल्ला अदालत	
२७	महानगरीय प्रहरी परिसर, काठमाडौ २०६८।८।२७	च्यांगा शेर्पा समेत	अ. डलर ४४०।	रु.३७,३१२।	२०६८।१२।२९ काठमाडौ जिल्ला अदालत	
२८	जिल्ला प्रहरी कार्यालय,पर्सा २०६८।९।१	लालवावु श्रीवास्तव	भा.रु.१,५६,०००।	रु.२,४९,८३४।	२०६९।३।६ पर्सा जिल्ला अदालत	
२९	महानगरीय प्रहरी अ.विमानस्थल सुरक्षा गार्ड कार्यालय,गौचर २०६८।९।१२	नविन वहादुर वस्नेत	भा.रु.६०,०००।	रु.९६,०९०।	२०६८।१२।१३ काठमाडौ जिल्ला अदालत	
३०	महानगरीय प्रहरी अ.विमानस्थल सुरक्षा गार्ड कार्यालय,गौचर	मधुसुदन भण्डारी समेत	भा.रु.१०,४३,८००।	रु.१६,७१,६४६।	२०६८।१२।२९ काठमाडौ जिल्ला अदालत	

	२०६८।९।१२					
३१	जिल्ला प्रहरी कार्यालय, बागलुङ्ग २०६८।९।१३	साउद अन्सारी	भा.रु.६१,०००।	रु. ९७,६९१।५०	२०६९।२।१८ बागलुङ्गजिल्ला अदालत	
३२	महानगरीय प्रहरी अ.विमानस्थल सुरक्षा गार्ड कार्यालय,गौचर २०६८।९।२२	सुरिन्दर कुमार	भा.रु.१,००,०००।	रु.१,६०,०००।	२०६८।१२।२९ काठमाडौ जिल्ला अदालत	
३३	महानगरीय प्रहरी अ.विमानस्थल सुरक्षा गार्ड कार्यालय,गौचर २०६८।९।२६	उद्योग विक्रम वानिया	भा.रु.१,१२,०००।	रु.१,७९,३६८।	२०६८।१२।१३ काठमाडौ जिल्ला अदालत	
३४	त्रि.विमानस्थल भन्सार कार्यालय २०६८।१०।२	चाईनिज नागरिक Baluo	भा.रु.१,२७,५००।	रु.२,०४,१९१।	२०६८।१२।२९ काठमाडौ जिल्ला अदालत	
३५	जिल्ला प्रहरी कार्यालय, बाँके २०६८।१०।३	फौज अहमद सिद्धिकी	भा.रु.१,००,०००।	रु.१,६०,१५०।	२०६९।१।१० बाँके जिल्ला अदालत	
३६	ईलाका प्रहरी कार्यालय, बुटवल २०६८।१०।१३	जस्मिर सिंह	भा.रु.२,३४,५००।	रु.३,७५,५५१।७५	२०६९।३।२५ रुपन्देही जिल्ला अदालत	
३७	जिल्ला प्रहरी कार्यालय, झापा २०६८।१०।१५	शिव प्रसाद ढुंगाना	भा.रु.३,५१,५००।	रु.५,६२,९२७।२५	२०६९।२।११ झापा जिल्ला अदालत	
३८	जिल्ला प्रहरी कार्यालय, बागलुङ्ग २०६८।१०।१५	ग्रीन साह	भा.रु.८५,५००।	रु.१,३६,९२८।	२०६९।२।१८ बागलुङ्ग जिल्ला अदालत	
३९	जिल्ला प्रहरी कार्यालय,पर्सा २०६८।१०।१५	अभय कुमार पाण्डेय	भा.रु.४,००,०००।	रु.६,४०,६००।	२०६९।१।१७ पर्सा जिल्ला अदालत	
४०	जिल्ला प्रहरी कार्यालय, बागलुङ्ग २०६८।१०।२६	संजय साह समेत	भा.रु.५०,०००।	रु.८०,०७५।	२०६९।२।१८ बागलुङ्ग जिल्ला अदालत	
४१	ईलाका प्रहरी कार्यालय, काकडभिट्टा,झापा २०६८।११।९	सोनाम लामा भुटीया	भा.रु.३,१०,०००॥	रु.४,९६,४६५।	२०६९।२।११ झापा जिल्ला अदालत	
४२	सशस्त्र प्रहरी सिमा सुरक्षा कार्यालय, सिन्धुपाल्चोक २०६८।१२।५	सुमन श्रेष्ठ	चिनियाँ यूआन १,५०,०००।	रु.१९,१७,०००।	२०६९।२।२२ सिन्धुपाल्चोक जिल्ला अदालत	
४३	राजस्व अनुसन्धान पथलैया २०६८।५।१३	अरविन्द कुमार साह समेत	भा.रु. अपचलन	रु.२,००,८९,७३,९६४।	२०६९।३।६ पर्सा जिल्ला अदालत	
			जम्मा विगो रु.	**२,०२,५४,३५,२१९।७५**		
सम्पत्ति शुद्धिकरण अ.विभागमा पठाईएको						
१	रा.अनुसन्धान मध्यमान्चल क्षेत्रीय कार्यालय,पथलैया २०६८।६।३०	सुनिल सिंह समेत	ने.रु.२८,४०,०००।	रु.२८,४०,०००।	.....	
२	रा.अनुसन्धान मध्यमान्चल क्षेत्रीय कार्यालय,पथलैया २०६८।७।२	धर्मवीर पासवान	ने.रु.२०,५०,०२०।	ने.रु.२०,५०,०२०।	.....	
मुद्दा नचल्ने निर्णय भएको विवरण						

१	महानगरीय प्रहरी अपराध महाशाखा २०६८।९।२४	चाईनिज नागरिक Luo Shujun समेत			.....	**AG**बाट मुद्दा नचल्ने निर्णय भई दशी र धरौटी फिर्ता

राजस्व चुहावटतर्फ

सि.नं.	जाहेरवाला र मिति	प्रतिवादी	मुद्दा	विगो तथा जरीवाना समेत	दायर मिति र अदालत	कैफियत
१	गोपीकृष्ण कोइराला	विशाल केमिकल उद्योगका प्रो.शंकर वोहरा समेत	राजस्व चुहावट	रु.८२,८८,६५,३३५।	२०६८।५।५ मोरङ जिल्ला अदालत	
२	गोपीकृष्ण कोइराला	विशाल जर्दा फ्याक्ट्री सुरेश जैन	राजस्व चुहावट	रु.३,५७,९९,८९१।	२०६८।५।५ मोरङ जिल्ला अदालत	
३	गोपीकृष्ण कोइराला	संयम इन्टर प्राइजेज प्रो सुदर्शन भन्साली समेत	राजस्व चुहावट	रु.९०,६७,७४६।	२०६८।५।५ मोरङ जिल्ला अदालत	
४	वलराम रिज्याल समेत	यूनिटी लाइफ इन्टरनेशनलका काशिराम गुरुङ्ग समेत ८ जना	राजस्व चुहावट	रु.२,५७,५९,०६,६८३।	२०६८।४।२५ ललितपुर जिल्ला अदालत	
५	वलराम रिज्याल समेत	राना दास	राजस्व चुहावट	रु.६०,८०,०१०।	२०६८।७।१८ काठमाण्डौ जिल्ला अदालत	
६	अ.दु.आ.को पत्रले	ग्लोवल इन्टरनेट सर्भिसेज का संचालक तारक मान सिहं समेत	राजस्व चुहावट	रु.२,५९,५०,९८,०८५।	२०६८।१०।१९ ललितपुर जिल्ला अदालत	
७	अ.दु.आ.को पत्रले	रमेश मान श्रेष्ठ	राजस्व चुहावट	रु.३४,८३,१३२।	२०६८।७।६ काठमाण्डौ जिल्ला अदालत	
८	गोपीकृष्ण कोइराला समेत	सोनु सिहं समेत	राजस्व चुहावट	रु.३,१९,०९,३५९।	२०६८।१२।२२ भक्तपुर जिल्ला अदालत	

जम्मा विगो रु.६,०८,६२,१०,२४१।

अनुसूची -५

राजस्व अनुसन्धान विभाग
विदेशी विनिमयतर्फ भएको कारवाहीको विवरण
(आ.व. २०६७/०६८)

सि.नं.	प्राप्त मिति	जोहेरवाला	प्रतिवादी	मुद्दा	मुद्रा	बरामद दशी	विगो रु.	मुद्दाको अवस्था
१	२०५९।९।३०	अ.दु.अ. आयोग	शरदकान्त अधिकारी	अमेरिकी डलर अवैध कारोवार	USD	१५,०००।००	१,११५,१००।००	अनुसन्धानको क्रममा
२	२०६०।७।२८	ने.रा. वैंक	हिमालयन बैंक	विदेशी मुद्रा अपचलन	USD	१६,५९,३७५।००	१२६६१०३१२।००	अनुसन्धानको क्रममा
३	२०६४।७।१२	उर्मिला श्रेष्ठ	परमेश्वर महासेठ	स्वीकृती विना विदेशमा खाता खोलेको				अनुसन्धानको क्रममा
४	२०६५।५।१२	प्रहरी प्रतिवेदन	तिलक व. गुरुङ्ग	ईराकी दिनार	ई.दि.	२५२,०००।००		अनुसन्धानको क्रममा
५	२०६५।९।२८	प्रहरी प्रतिवेदन	छेदेन आम्दो	अमेरिकी डलर अवैध कारोवार	USD	३१०।००		मुद्दा नचलाउने महान्यायाधिवक्ताबाट अन्तिम निकाशा
६	२०६६।१२।३	प्रहरी प्रतिवेदन	भुटानी नागरिक गर्ज वहादुर खड्का	अमेरिकी डलर अवैध कारोवार	USD	३,९००।००	२८४,९९२।००	अनुसन्धानको क्रममा
७	२०६६।१२।३	प्रहरी प्रतिवेदन	महमद फैज	अमेरिकी डलर अवैध कारोवार	USD	५,०००।००	३६५,०००।००	०६७।९।२८ मा ल.जि.अ. मुद्दा दायर
८	२०६६।१२।२२	त्रि.वि.अ. विमानस्थल	शशीधर सुवेदी	भा.रु.को अवैध कारोवार (५०० र १०००)	भा.रु.	४५,०००।००	७२,०००।००	०६७।४।६ मा का.जि.अ. मुद्दा दायर

९	२०६७।१।१५	त्रि.वि.अ. विमानस्थल	ललित जोधानी	विदेशी विनिमय अवैध कारोवार	स्टा.पौ.	५,८४०।००	३,३९३,९९९।००	०६७।४।६ मा का.जि.अ. मुद्दा दायर
					सा.रि.	७१,५५०।००		
					क.रि.	८,५००।००		
					UAE	५२,६००।००		
					कुवेती	३,०२०।००		
					ओमन	१,३०५।००		
					वहराईन	१,१६९।००		
१०	२०६७।२।२४	स.प्रहरी वल	चन्द्रश्वर वानिया	भा.रु.को अवैध कारोवार (५०० र १०००)	भा.रु.	३१६,०००।००	५०५,६००।००	०६७।५।३० मा रुपन्देही जि.अ. मुद्दा दायर
११	२०६७।२।२५	प्रहरी प्रतिवेदन	सीता कार्की	विदेशी मुद्राको अवैध कारोवार			२,४७६।००	अनुसन्धानको क्रममा
१२	२०६७।२।३०	प्रहरी प्रतिवेदन	दामसर्की शेर्पा	विदेशी विनिमय अवैध कारोवार	USD	२९,६००।००		०६७।७।१५ मा सि.पा.जि.अ.मा मुद्दा दायर
१३	२०६७।३।३१	प्रहरी प्रतिवेदन	हरी ज्ञवाली	भा.रु.को अवैध कारोवार (५०० र १०००)	भा.रु.		४९,३००।००	०६७।५।३० मा रुपन्देही जि.अ. मुद्दा दायर

१४	२०६७।३।२३	प्रहरी प्रतिवेदन	वौद्ध मनी एक्सचेन्ज	विदेशी विनिमय अवैध कारोवार	USD	३,४६०।००	२७१,५२७।००	०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
					यूरो	१००।००		
					क्यानेडियन	१५।००		
					सिंगापुर	२०।००		
					यू.आन	२०।००		
१५	२०६७।३।२७	प्रहरी प्रतिवेदन	डवल वहादुर भुसाल	भा.रु.को अवैध कारोवार (रु. ५००)	भा.रु.	३,५००।००	५,६००।००	०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
१६	२०६७।३।३०	प्रहरी प्रतिवेदन	कर्मा लामा	विदेशी विनिमय अवैध कारोवार	USD	७०।००	२,२७०।००	०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
					USD	११०।००		
					ब्रुनाई	२५।००		
१७	२०६७।४।४	जि.प्र.का. रुपन्देही	तुला गिरी	विदेशी विनिमय अवैध कारोवार	USD	९,३००।००	७०२,८०१।००	०६७।५।३० मा रुपन्देही जि.अ. मुद्दा दायर
१८	२०६७।४।१८	जि.प्र.का. रुपन्देही	राजन खड्का	भा.रु.को अवैध कारोवार (रु. १०००)	भा.रु.	५,००,०००।००	८००,०००।००	०६७।५।३० मा रुपन्देही जि.अ. मुद्दा दायर
१९	२०६७।४।१८	व.प्र.का. नयाँ वानेश्वर	महम्द सेखवत	विदेशी विनिमय अवैध कारोवार	USD	२,५००।००	१८५,६००।००	०६७।६।३ को जि.स.व.का को निर्णयले मुद्दा नचलाउने
२०	२०६७।४।३०	प्रहरी प्रतिवेदन	दुर्गा लुंगेली मगर	विदेशी विनिमय अवैध कारोवार	USD	५,१७१।००	४५२,६७१।४६	०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
					कतार	३८६।००		
					मलेसिया	१,५५०।००		
					यू.ए.ई.	२९।००		
					साउदी	७०६।००		
२१	२०६७।५।२	जि.प्र.का. रुपन्देही	सुमन श्रेष्ठ	भा.रु.को अवैध कारोवार (रु. ५००)	भा.रु.	१५०,०००।००	२४०,०००।००	अनुसन्धानको क्रममा
२२	२०६७।५।२	ई.प्र.का. वाह्रविसे	पूर्ण वहादुर मगर	विदेशी विनिमय अवैध कारोवार	USD	२७०,३६२।००	२०,३६३,६३१।००	०६७।७।१५ मा सि.पा.जि.अ.मा मुद्दा

								दायर
२३	२०६७।५।१०	म.प्र.अ. विमान स्थल सुरक्षा गार्ड कार्यालय	संजय वहावत	भा.रु.को अवैध कारोवार (५०० र १०००)	भा.रु.	घघघघघघघघघ	८७८,४००।००	०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
२४	२०६७।५।१३	म.प्र.अ. विमान स्थल सुरक्षा गार्ड कार्यालय	प्रकाश शान्ति लाल शाह	विदेशी विनिमय अवैध कारोवार	USD	९,८६८।००	७४३,१४३।१६	अनुसन्धानको क्रममा
					कतार	४।००		
					केन्या	३,६००।००		
					मौरिसस	२५०।००		
२५	२०६७।५।२७	जि.प्र.का. सुर्खेत	रमेश थापा	विदेशी विनिमय अवैध कारोवार	यूआन	२,०००।००	२२,०००।००	०६७।१२।१० मा सुर्खेत जि.अ. मुद्दा दायर
२६	२०६७।५।२७	म.प्र.वृत्त बौद्ध	सुब्बा तामाङ्ग	विदेशी विनिमय अवैध कारोवार	USD	१००।००	७,४४५।००	अनुसन्धानको क्रममा
२७	२०६७।६।६	जि.प्र.का. महोत्तरी	श्यामकाजी लामा	विदेशी विनिमय अवैध कारोवार	USD	५०१।००	३६,७३८।३३	अनुसन्धानको क्रममा
२८	०६७।६।१०	प्रहरी प्रतिवेदन	प्रमोद कुमार गुप्ता	विदेशी विनिमय अवैध कारोवार	दिनार	३३७०।००		०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
२९	२०६७।७।३	प्रहरी प्रतिवेदन	कोइन ली	विदेशी विनिमय अवैध कारोवार	USD	४००००।००	३०५७६७०।००	०६७।८।८ मा भक्तपुर जि.अ. मुद्दा दायर
					यूआन	१८१००।००		
३०	२०६७।७।११	प्रहरी प्रतिवेदन	अम्वर व. तामाङ्ग	विदेशी विनिमय अवैध कारोवार	USD	१२७।००	१०५४०।००	अनुसन्धानको क्रममा
३१	२०६७।७।१८	प्रहरी प्रतिवेदन	लू जेनफिङ	विदेशी विनिमय अवैध कारोवार	USD	२२००।००	१५६६४००।००	०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
३२	२०६७।७।१८	जि.प्र.का. मोरङ्ग	उमा शंकर भगत	भा.रु.को अवैध कारोवार (५०० र १०००)	भा.रु.	२९१०००।००	४६६०३७।००	अनुसन्धानको क्रममा
३३	२०६७।८।२	जि.प्र.का. पर्वत	अशोक साह	विदेशी विनिमय अवैध कारोवार	भा.रु.	१४१३५००।००	२२६३७२०।२५	०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
३४	२०६७।९।९	जि.प्र.का. वाग्लुङ्ग	हिरालाल कर्ण	विदेशी विनिमय अवैध	भा.रु.	३२५०००।००	५२४८७५।००	अनुसन्धानको क्रममा

				कारोवार				
३५	२०६७।९।२१	प्रहरी प्रतिवेदन	श्यामकाजी तामाङ्ग	विदेशी विनिमय अवैध कारोवार	USD	१६०।००	११५५२।००	अनुसन्धानको क्रममा
३६	२०६७।१०।४	प्रहरी प्रतिवेदन	सानु माईला तामाङ्ग	विदेशी विनिमय अवैध कारोवार	USD	३०२।००	२२१९५।००	०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
३७	२०६७।१०।७	म.प्र.अ. विमान स्थल सुरक्षा गार्ड कार्यालय	ईन्द्र प्रसाद थापा	विदेशी विनिमय अवैध कारोवार	जापनी ऐन	९७८२०००।००	१४५३७६८६।२०	०६७।६।१४ मा का.जि.अ. मुद्दा दायर
					यूरो	५७१७०।००		
					सिंगापुर	३६००।००		
३८	२०६७।११।३	जि.प्र.का. काभ्रे	राजु राउत	विदेशी विनिमय अवैध कारोवार	USD	१८७।००	१३६६०।००	अनुसन्धानको क्रममा
३९	२०६७।११।९	प्रहरी प्रतिवेदन	तिलक अधिकारी	भा.रु.को अवैध कारोवार	भा.रु.	३००००००।००	४८००००।००	०६८।३।२५ मा का.जि.अ. मुद्दा दायर
४०	२०६७।११।२५	रा.अ.क्षे.का. पथलैला	सन्दिम कुमार साह	भा.रु.को अवैध कारोवार	भा.रु.	३९७०००।००	६३६३१०।००	०६८।२।१ मा का.जि.अ. मुद्दा दायर
४१	२०६७।१२।२५	जि.प्र.का. मोरङ्ग	नविन कुमार	विदेशी विनिमय अवैध कारोवार	भा.रु.	३९९०००।००	६३८४००।००	अनुसन्धानको क्रममा
४२	२०६८।१।२०	जि.वन कार्यालय ल.पू.	मेष व. श्रेष्ठ	विदेशी विनिमय अवैध कारोवार	USD	८।००	१३९६।३६	अनुसन्धानको क्रममा
					साउदी	१।००		
					पाउण्ड	५।००		
					कतार	५।००		
					कुवेती	१।००		
					हङ्गकङ्ग	१०।००		
					मलेसिया	१।००		
४३	२०६७।४।५	प्रहरी प्रतिवेदन	ऐते तामाङ्ग	विदेशी विनिमय अवैध कारोवार	USD	१।००	१३१।१५०	अनुसन्धानको क्रममा
					सिंगापुर	१।००		

					अफगान	११०।००		
४४	२०६८।१०।२९	जि.प्र.का. स्याङ्गजा	सुक व. वि.क.	विदेशी विनिमय अवैध कारोवार	भा.रु.	९९०००।००	१५८५४८।५०	अनुसन्धानको क्रममा
४५	२०६८।२।५	प्रहरी प्रतिवेदन	राज कुमार सिंह	विदेशी विनिमय अवैध कारोवार	भा.रु.	९६२५००।००	३१६९४३७।५०	०६८।२।२६ मा का.जि.अ. मुद्दा दायर
४६	२०६८।२।२०	ललितपुर जिल्ला अदालत	सुवर्ण कृष्ण श्रेष्ठ					
४७	२०६८।३।१२	जि.प्र.का. वाग्लुङ्ग	गुरु वहादुर वि.क.	भा.रु.को अवैध कारोवार (५०० र १०००)	भा.रु.	३९७५००।००	६३६०००।००	अनुसन्धानको क्रममा
४८	२०६८।३।९	जि.प्र.का. रुपन्देही	इन्दर यादव	भा.रु.को अवैध कारोवार (५०० र १०००)	भा.रु.	३००००।००	४८००००।००	
४९	२०६८।३।१९	त्रि.वि. भन्सार	मोहम्मद ईस्माईल	भा.रु.को अवैध कारोवार (५०० र १०००)	भा.रु.	९३९३०००।००		खोटा चलन अन्तर्गत प्र.का. हुनमान ढोकामा वुझाईएको
५०	२०६८।३।२९	ई.प्र.का. सिन्धुपाल्चोक	कृष्ण व. सुनार	विदेशी विनिमय अवैध कारोवार	USD	५१५।००	३६९७७।००	अनुसन्धानको क्रममा

राजस्व अनुसन्धान विभाग
फैसलाभएका मुद्दाको विवरण
(आ.व. २०६७/०६८)

नेपाल सरकार
अर्थ मन्त्रालय

राजस्व अनुसन्धान विभागको

मालसामान विक्रेताहरूलाई अनुरोध

विजयादशमी, शुभ दिपावली तथा छठको पूर्वसन्ध्यामा व्यापारिक कारोवार गर्दै हुनुहुन्छ । तपाईले व्यापार व्यवसाय मात्र नगरेर सरकारको तर्फबाट राजस्व संकलन गर्ने जिम्मेवारी समेत निर्वाह गर्दै हुनुहुन्छ । तपाईले विक्री गरेको मालवस्तु/सेवाको कारोवारमै राजस्व निर्भर गर्ने भएकोले कृपया कारोवार मूल्यमै अनिवार्य रुपमा बील, विजक जारी गरी राजस्व असुली गर्न तथा राजस्व चुहावट नियन्त्रण गर्न सहयोग गर्नुहुन अनुरोध छ । बील विजक जारी नै नगरेमा वा कारोवार मूल्य भन्दा घटी मूल्यमा जारी गरेमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र प्रचलित कानून वमोजिम कारवाही हुनेछ । अतः व्यापार व्यवसाय अभिवृद्धि भइरहेको वर्तमान अवस्थामा कानून वमोजिम बील विजक जारी गरी निर्धक्क भई सम्मानका साथ आफ्नो व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध छ । यस वर्षको बिजयादशमी, शुभ दिपावली तथा छठ पर्वको मंगलमय शुभकामना !

विभागको हट लाईनः ०१-५०१००८
टोल फ्रि नम्बरः १६६०–०१–५५०००

राजस्व अनुसन्धान विभाग

हरिहरभवन

नेपाल सरकार
अर्थ मन्त्रालय

राजस्व अनुसन्धान विभागको

सर्वसाधारण उपभोक्ता महानुभावहरूलाई अनुरोध

आदरणीय उपभोक्ताहरू,

नेपालीको महान चाड बिजयादशमी, शुभ दिपावली तथा छठको पूर्वसन्ध्यामा तपाईहरू आवश्यक उपभोग्य वस्तु एवं सेवा खरीद गर्दै हुनुहुन्छ । तपाईहरूले खरीद गरेको मालवस्तु वा लिएको सेवाको मूल्यमा सरकारी राजस्व समेत समावेश हुने भएकोले विक्रेता र सेवा प्रदायकसंग अनिवार्य रुपमा बील विजक लिन नभुल्नु होला । तपाईले विक्रेतालाई तिरेको रकमबाटै सरकारले राजस्व संकलन गर्ने हुँदा बील नलिएको खण्डमा सो रकम सरकारी ढुकुटीमा आउदैंन । त्यसैले कसैले मालवस्तु वा सेवाको विक्री वितरण गर्दा बील विजक जारी नगरेको, कारोवार मूल्य भन्दा घटी मूल्यको वील जारी गरेको वा PAN/VATमा दर्ता नै नगरी कारोवार गरेको पाउनु भएमा हामीलाई तत्काल खबर गरी राजस्व चुहावट नियन्त्रण कार्यमा सहयोग गर्नुहुन अनुरोध छ । यस वर्षको बिजयादशमी, शुभ दिपावली तथा छठ पर्वको मंगलमय शुभकामना !

विभागको हट लाईनः ०१-५०१००८५
टोल फ्रि नम्बरः १६६०–०१–५५०००

राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर ।